नजर हमर

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

दुई वटा विधेयक दफावार छलफलका लागि समितिमा पठाइयो
पृष्ठ ५ मा



● वर्ष ४ ● अंक २३७ ● २०८३ साल असार ३१ गते बुधबार ● Wednesday 15, July 2026 ● सूर्योदय: बिहान ०५:२० बजे ● सूर्यास्त: साँझ ०७:०२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## वीरगंज भन्सारमा ‘सेटिङ’को साम्राज्य ?

### भारतीय गाडीको भन्सारमा व्यापक अनियमितताको आरोप,

# गाडी नै नल्याई इन्ट्री काटिएको खुलासा



**हरिशंकर शर्मा**
**वीरगंज।**
पर्साको प्रमुख नाका वीरगंज भन्सार कार्यालयको यात्रु शाखामा भारतीय नम्बर प्लेटका सवारीसाधनको भन्सार तथा निःशुल्क सुविधा पास (इन्ट्री) प्रक्रियामा गम्भीर अनियमितता, आर्थिक चलखेल र सेटिङको आरोप सार्वजनिक भएको छ । कार्यालयको यात्रु शाखामा कार्यरत भन्सार अधिकृत भागिरथ साह रौनियारमाथि केही विचौलियासँग मिलेमतो गरी आर्थिक असुली गर्ने, सेवाग्राहीलाई दुःख दिने तथा नियमविपरीत गाडी नै उपस्थित नभई इन्ट्री जारी गर्ने कार्य भइरहेको आरोप लागेपछि यस विषयले व्यापक चर्चा पाएको छ।
प्राप्त विवरणअनुसार, अधिकृत रौनियार तथ्याँक कार्यालयबाट वीरगंज भन्सार कार्यालयको यात्रु शाखामा सरुवा भएर आएयता भारतीय सवारीसाधनको भन्सार प्रक्रियालाई व्यवस्थित बनाउनुको सट्टा केही विचौलियामार्फत ‘महिनावारी सेटिङ’ सञ्चालन गर्न दबाब दिएको आरोप छ । स्रोतका अनुसार, सेटिङ नमिल्ने सेवाग्राहीका सवारीसाधनको भन्सार प्रक्रिया जानाजानी ढिलाइ गरिने, अनावश्यक झन्झट सिर्जना गरिने तथा लामो समयसम्म लाइनमा राखेर मानसिक तथा आर्थिक सास्ती दिने गरिएको बताइएको छ । यसको प्रत्यक्ष असर सीमावर्ती क्षेत्र हुँदै नेपाल आउने भारतीय पर्यटक तथा यात्रुमा परेको दाबी गरिएको छ । केही दिनअघि मात्रै एक भारतीय पर्यटकले करिब दुई घण्टासम्म लाइनमा बसेर पनि सवारीसाधनको भन्सार प्रक्रिया सम्पन्न हुन नसकेपछि निराश हुँदै पुनः भारत फर्कनुपरेको भिडियो सामाजिक सञ्जालमा भाइरल भएको थियो । उनले भिडियोमै भन्सार कार्यालयका कर्मचारीहरुको उदासिनता र विचौलियाहरुको हाबीको कारण सर्वसाधारणले गाडीको भन्सार गराउन सास्ती खेपि रहेको सार्वजनिक गरेका थिए । उनले उक्त भिडियोमा भारतीय पर्यटकहरुले नेपाल नआउन आग्रह पनि गरेका थिए । उक्त घटनापछि भन्सार कार्यालयको सेवा प्रवाहप्रति समेत गम्भीर प्रश्न उठेको थियो । यति मात्र होइन, भारतीय गाडीको भन्सारमा मात्र नभई निःशुल्क सुविधा पास (इन्ट्री) मा समेत आर्थिक चलखेल हुने गरेको आरोप लागेको छ । स्रोतका अनुसार, केही व्यक्तिसँग मासिक ३ हजारदेखि ५ हजार रुपैयाँसम्मको रकम लिएर भन्सार कार्यालयमा गाडी नै उपस्थित नगराई इन्ट्री काट्ने गरिएको दाबी गरिएको छ।

***यही सोमबार वीरगंज भन्सार कार्यालयको इन्ट्री शाखाबाट बी.आर. ०६ डब्लू ८९९६, बी.आर. ०१ एच.एन. ८२६७, बी.आर. ०६ बी.क्यू. ४९०९, बी.आर. ०१ बी.जी. ००२५, बी.आर. ०६ डी.ई. ६५६०, ए.एस. ०२ ए.जे. ८६२३, बी.आर. ०७ ए.ए. २१७८, बी.आर. ०५ ए.यू. ४९०८ तथा बी.आर. ३२ ए.क्यू. २०३६ नम्बरका सवारीसाधनको इन्ट्री गरिएको अभिलेख रहेको दाबी गरिएको छ । तर, ती सवारीसाधन भन्सार कार्यालयको परिसरमा नै नल्याइएको आरोप स्रोतले लगाएको छ ।***

स्रोतहरूका अनुसार, केही निश्चित विचौलियामार्फत मात्रै यस्ता इन्ट्री हुने गरेको र त्यसबापत नियमित आर्थिक लेनदेन हुने गरेको आरोप छ। यसले इमान्दार सेवाग्राहीलाई अनावश्यक दुःख दिँदै सीमित समूहलाई गैरकानुनी लाभ पु¥याउने अवस्था सिर्जना भएको बताइएको छ।
यस विषयमा प्रतिक्रिया दिँदै वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी तथा भन्सार अधिकृत उदय सिंह विष्टले घटनाबारे आफूलाई जानकारी आएको र आवश्यक आन्तरिक छानबिन गरिने बताएका छन्।
उनले ‘यदि सवारीसाधन उपस्थित नभई नियमविपरीत इन्ट्री गरिएको पुष्टि भयो भने संलग्न कर्मचारीमाथि आवश्यक कानुनी तथा विभागीय कारबाही गरिनेछ,’ भने । भन्सार कार्यालयको यात्रु शाखा अगाडि सिसिटिभी क्यामरा जडान रहेकाले वास्तविकता पत्ता लगाउन फुटेज नै महत्वपूर्ण प्रमाण बन्न सक्ने देखिएको छ । तर आरोपअनुसार क्यामराको निगरानीलाई समेत छल्ने गरी अनियमितता भइरहेको भनिएकाले छानबिनको दायरा अझ व्यापक बनाउनुपर्ने माग उठ्न थालेको छ।
सीमावर्ती क्षेत्रको प्रमुख प्रवेशद्वारका रूपमा रहेको वीरगंज भन्सार कार्यालयले मुलुकको राजस्व संकलनसँगै नेपाल आउने विदेशी पर्यटक र यात्रुको पहिलो सरकारी सेवा प्रदान गर्ने जिम्मेवारी वहन गर्दछ । यस्तो संवेदनशील कार्यालयमै आर्थिक चलखेल, विचौलियाको प्रभाव र नियमविपरीत सेवा प्रवाहका आरोप सार्वजनिक हुँदा यसले सरकारको सुशासन र सार्वजनिक सेवा प्रणालीमाथि समेत गम्भीर प्रश्न उठाएको छ।

## मिटरब्याज पीडितसँग निजगढमा दुई चरण वार्ता



**मधेशदृष्टि**
**बारा।**
मिटरब्याज पीडित र गृहमन्त्री सुधन गुरुङबीच निजगढमा दोस्रो चरणको वार्ता भएको छ । मिटर ब्याज पीडितको समस्या सम्बन्धमा प्रधानमन्त्रीस्तरीय बैठकमा पनि छलफल चलिरहेको हुँदा सो को निष्कर्ष आएपछि तेस्रो चरणको वार्ता बस्ने सहमतिसहित मंगलबारको छलफल टुंगिएको मिटरब्याज पीडित अभियन्ता लक्ष्मी घिमिरेले जानकारी दिइन्। प्रधानमन्त्रीस्तरीय छलफलमा सहभागी हुनु पर्ने भएकाले गृहमन्त्री गुरुङ मंगलबार साँझ काठमाडौं प्रस्थान गरेका छन् भने बैठकको निर्णय नआएसम्मका लागि मिटरब्याज पीडितहरू निजगढमा नै रोकिएका छन् । उनीहरूलाई त्यहाँ बस्न र खानाको व्यवस्था समेत सरकारले गरिदिने जनाएको छ।
अभियान्ता घिमिरेका अनुसार, मिटरब्याज समस्या समाधानका लागि प्रस्तुत ६ बुँदे मागमाथि प्रधानमन्त्री कार्यालयमा उच्चस्तरीय छलफल भइरहेको छ । बैठकको निर्णय आएपछि गृहमन्त्री र मिटरब्याजविरुद्ध किसान–मजदुर आन्दोलनको नेतृत्वबीच पुनः तेस्रो चरणको वार्ता हुने छ।
दोस्रो चरणको वार्ताका क्रममा गृहमन्त्री गुरुङले मिटरब्याजसम्बन्धी अध्ययनका लागि गठन गरिएका तीनवटै आयोगका प्रतिवेदन तत्काल सार्वजनिक गर्न गृह मन्त्रालयलाई निर्देशन दिएका छन्। सार्वजनिक गर्न निर्देशन दिइएका प्रतिवेदनमा गौरीबहादुर कार्की आयोग, तेजबहादुर कार्की आयोग र बाबुराम रेग्मी आयोगका प्रतिवेदन रहेका छन्।
अभियन्ता घिमिरेका अनुसार वार्तामा सरकार र आन्दोलनरत पक्ष दुवैले आआफ्नो माग तथा प्रस्तावबारे आवश्यक गृहकार्य गर्ने सहमति भएको छ। उनले सरकारसँग लिखित सहमति नभए आन्दोलन नरोकिने स्पष्ट पारिन्। मिटरब्याज पीडितहरूले असार २५ गते जनकपुरधामको ऐतिहासिक तिरहुतियागाछीबाट काठमाडौँसम्मको पैदल न्याय मार्च सुरु गरेका थिए।
मिटरब्याजसँग सम्बन्धित फर्जी तमसुक, दृष्टिबन्धक, रजिस्ट्रेसन तथा चेकलगायतका लिखत खारेज, प्रभावकारी कानुन निर्माण, विशेष न्यायाधिकरण गठन र विगतका सम्झौता कार्यान्वयनलगायत उनीहरूले ६ बुँदे माग अगाडि सारेका छन्। संघीय राजधानी काठमाडौँतर्फ हिँडेका मिटरब्याज पीडितहरूसँग गृहमन्त्री गुरुङ बाराको निजगढ पुगेर आन्दोलनरत पीडितहरूसँग भेटवार्ता गरेका हुन् । सोमबार राति उद्योग वाणिज्य संघ निजगढको सभाहलमा बास बसेका उनीहरूसँग मंगलबार बिहान गृहमन्त्री गुरुङले आउने भएपछि निजगढमा नै रोकिएका हुन्। मंगलबार बिहान बुद्ध एयरको विमानमार्फत सिमरा विमानस्थलमा अवतरण गरेका गृहमन्त्री गुरुङ सडकमार्ग हुँदै निजगढ पुगेका थिए। सिमरा विमानस्थलमा उनलाई सुरक्षा तथा प्रशासनिक अधिकारीहरूका साथै स्थानीय युवाहरूले स्वागत गरेका थिए।

## मधेशमा खानेपानी, सरसफाइ र जलस्रोत चुनौतीपूर्ण

मधेशदृष्टि
जनकपुरधाम।
मधेश प्रदेशमा खानेपानी, सरसफाइ तथा जलस्रोत व्यवस्थापनको अवस्था चुनौतीपूर्ण रहेको एक अध्ययन प्रतिवेदनले देखाएको छ।
विकास, आर्थिक मामिला तथा सुशासन समितिले तयार पारेको अध्ययन प्रतिवेदनको मस्यौदामाथि छलफल गर्दै मधेशमा करिब २० प्रतिशत घरधुरीमा मात्र सुरक्षित खानेपानीको पहुँच रहेको जानकारी दिइएको हो।
समितिको बैठकमा समिति सचिव डा. रोजनाथ पाण्डेले प्रस्तुत गरेको प्रतिवेदन अनुसार गत वर्षको खडेरीसँगै मधेशका विभिन्न क्षेत्रमा हैजा लगायतका रोगको प्रकोप बढेको, खानेपानीको अभाव देखिएको र सरसफाइ व्यवस्थापन कमजोर रहेको उल्लेख छ।
प्रतिवेदनमा मधेश प्रदेशको खानेपानी, सरसफाइ र स्वच्छताको अवस्था, भूमिगत जलको अवस्था, खडेरी प्रभावित समुदायको अवस्था, जल पुनर्भरण तथा जलस्रोत व्यवस्थापनसम्बन्धी विषयलाई समेटिएको छ । डा. पाण्डेका अनुसार मधेशमा सहरी क्षेत्रमा समेत खानेपानीको व्यवस्थित आपूर्ति हुन नसकेको र ग्रामीण तथा सीमान्तकृत समुदाय अझ बढी प्रभावित रहेको अध्ययनले देखाएको छ । नियमित मर्मत सम्भारको अभावमा धेरै सामुदायिक ह्यान्डपम्प तथा स्यालो ट्यूबवेल प्रयोगविहीन बनेको प्रतिवेदनमा उल्लेख छ।

## सिर्सियालाई पुनजीर्वन दिन पन्तको आग्रह



**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद हरि (बुद्धिप्रसाद) पन्तले सिर्सिया नदीलाई पुनर्जीवन दिनका लागि यथाशीघ्र ठोस कदम चाल्न सरकारसँग आग्रह गरेका छन्।
प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांसद पन्तले औद्योगिक करिडोरमा रहेका उद्योगहरूबाट निस्कने केमिकल युक्त विषाक्त पानी बिना प्रशोधन सिधै मिसाउँदा सिर्सिया नदी दुर्गन्धित बनेको बताए । पथलैया–वीरगञ्ज औद्योगिक करिडोरमा सञ्चालित उद्योगहरूको हेलचेक्र्याइँ लापरबाहीकै कारण सिर्सिया नदी दुर्गन्धित नालामा परिणत भएको उनले बताए।
कुनै समय सिर्सियाकै पानी उठाएर अर्घ दिन सकिने नदी अहिले छठ पर्वमा अर्घ दिँदै गर्दा दुर्गन्धले त्यहाँ खुट्टा समेत राख्न नसकिने अवस्थामा पुगेको सांसद पन्तले बताए।
सिर्सिया नदी दुर्गन्धित नालामा परिणत हुँदा लामखुट्टे प्रजननको मुख्य प्रजननकेन्द्र नै बनेर नदी दुवै तर्फको बस्तीमा राति चैनले सुत्न समेत नसक्ने वातावरण बनेको सांसद पन्तको तर्क छ।
पछिल्ला केहि वर्षदेखि देखिएको यो विकराल समस्यालाई अहिले सम्मका कुनै पनि संघीय , प्रदेश र स्थानीय सरकारहरूले आ–आफ्नो घोषणा पत्रहरूमा समावेश गरी चुनावीनारा बनाउनु बाहेक कसैले पनि माखोसम्म मार्न नसकेको भन्दै उनले त्यहाँका जनताले यो सरकारसँग ठूलो आशा राखेको बताए।

### आवश्यकता

विगत ४ वर्षदेखि नियमित प्रकाशित भइरहेको मधेश प्रदेशको प्रतिनिधि अखबार ‘मधेशदृष्टि दैनिक’लाई तपसिल बमोजिमका सहकर्मी चाहिएकाले इच्छुक नेपाली नागरिकले साउन १० गतेभित्र हस्तलिखित आवेदन तथा हस्तलिखित नमूना समाचारसहित आवश्यक कागजपत्र इमेल गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।
**पदः** जिल्ला संवाददाता
**संख्याः** प्रत्येक जिल्लामा १ जना
**आवश्यक जिल्लाहरुः** सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाही
**न्युनत योग्यताः** प्रवीणता प्रमाण पत्र तह उत्तीर्ण भएर पत्रकारिता गरिरहेको या एसएलसी (एसइइ) उत्तीर्ण भइ कम्तीमा ३ वर्ष पत्रकारितामा क्रियाशील।
**थप क्षमताः** नेपाली भाषामा समाचार टाइप गर्न, इमेल गर्न, फोटोसप चलाउन र रिलयुक्त भिडियो खिच्न सक्ने, रेडियो वीरगंज तथा टिभी वीरगंजमा घटनास्थलबाट प्रत्यक्ष प्रसारण गर्न सक्ने।
**आवश्यक कागजपत्रः** नेपाली नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र र पत्रकारिता तालिमका प्रमाणपत्रका प्रतिलिपि
**पारिश्रमिकः** आपसी सहमतिमा तय हुनेछ।
(मधेशका महिला, अल्पसंख्यक, दलित, सिमान्तकृत र पछाडि पारिएको समूहबाट प्राप्त आवेदनलाई उच्च प्राथमिकता दिइनेछ।)
निवेदन madheshdristi@gmail.com मा इमेल गर्नुहोला।



### बारा–पर्सासहित ४४ जिल्लामा आकस्मिक बाढीको जोखिम:

# दुई दिन उच्च सतर्कता अपनाउन विभागको आग्रह



**मधेशदृष्टि**
**वीरगंज।**
जल तथा मौसम विज्ञान विभागले बारा, पर्सासहित देशका ४४ जिल्लामा आकस्मिक बाढीको मध्यमदेखि उच्च जोखिम रहेको चेतावनी जारी गर्दै नदी किनारका बासिन्दा, यात्रु तथा सम्बन्धित निकायलाई विशेष सतर्कता अपनाउन आग्रह गरेको छ ।

विभागका अनुसार बुधबार र बिहीबार देशभर वर्षाको प्रभाव कायम रहने सम्भावना रहेकाले सातै प्रदेशका साना नदी तथा खोलामा पानीको सतह उल्लेखनीय रूपमा बढ्न सक्छ । यसका कारण नदी तटीय क्षेत्र, डुबान सम्भावित स्थान तथा खोल्सानजिकका बस्तीमा जोखिम बढ्ने भएकाले आवश्यक पूर्वसावधानी अपनाउन अनुरोध गरिएको हो।

विभागले पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, सप्तरी, भोजपुर, संखुवासभा, उदयपुर, सिन्धुली, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, मकवानपुर, पर्सा, बारा, रौतहट, सर्लाही लगायत ३९ जिल्लाका साना नदी तथा खोलामा बहाव उल्लेखनीय रूपमा बढ्न सक्ने पूर्वानुमान सार्वजनिक गरेको छ। यस्तै गोरखा, लमजुङ, नवलपरासी (पूर्व र पश्चिम), पाल्पा, पर्वत, म्याग्दी, प्युठान, रोल्पा, दाङ, सल्यान, बाँके, बर्दिया र कैलालीका साना नदीमा पनि मध्यम जोखिम रहेको विभागले जनाएको छ।

चितवन, तनहुँ, कास्की, स्याङ्जा तथा सुर्खेत आसपासका खोलानालामा समेत आकस्मिक बाढी आउने सम्भावना औंल्याइएको छ । बाढीविद् विनोद पराजुलीका अनुसार आगामी दुई दिन साना नदी तथा खोलाहरूमा बहाव अचानक बढ्न सक्ने भएकाले नदी किनारका बस्ती, सडक तथा पुल प्रयोग गर्ने सर्वसाधारण, सवारी चालक र सम्बन्धित निकायले उच्च सतर्कता अपनाउन आवश्यक छ।

विभागले जोखिमयुक्त क्षेत्रमा अनावश्यक आवतजावत नगर्न, आवश्यक परे सुरक्षित स्थानमा तत्काल सर्न, नदी तथा खोलाको किनारमा अनावश्यक रूपमा नबस्न तथा स्थानीय तह र सुरक्षा निकायबाट जारी हुने सूचना तथा निर्देशनको पूर्ण पालना गर्न सर्वसाधारणलाई आग्रह गरेको छ।

# रैथाने वनस्पति र च्याउ प्रजाति सङ्कटमा



**मनाङ।**
विश्वप्रसिद्ध अन्नपूर्ण संरक्षण क्षेत्र (एक्याप)भित्र जैविक विविधताको दिगो संरक्षण र ठूला भौतिक पूर्वाधार विकासबीचको सङ्घर्ष चुलिँदै गएको छ । हिमाली जिल्ला मनाङमा राष्ट्रिय गौरव र रणनीतिक महत्वको रूपमा हेरिएको जलविद्युत् आयोजनाको निर्माणकार्यले गति लिएसँगै यस क्षेत्रको रैथाने पर्यावरण, वन्यजन्तुको जैविक मार्ग र सूक्ष्म वनस्पतिको अस्तित्व रक्षाको सवाल थप पेचिलो बन्दै गएको छ।

आयोजनाका विभिन्न स्थायी तथा अस्थायी संरचना निर्माणका लागि एक्यापअन्तर्गतको कुल ३३.४७ हेक्टर संरक्षित वन क्षेत्र प्रयोग गर्न र त्यहाँ रहेका एक हजार ८३९ वटा रूख हटाउन सरकारले अन्तिम स्वीकृति दिएपछि वन फँडानी र वातावरणीय क्षतिको वैज्ञानिक लेखाजोखा सुरु भएको छ।

आयोजनाको प्राविधिक नक्साङ्कनअनुसार २४ मिटर अग्लो कङ्क्रिट ग्रेभिटी बाँध र ६.०७५ किलोमिटर लामो भूमिगत हेडरेस सुरुङ निर्माणका लागि एक्यापको महत्त्वपूर्ण जैविक वन क्षेत्र अधिग्रहण गरिएको छ । काटिने एक हजार ८३९ रूख र पोलमा हिमाली भेगमा पाइने गोब्रे सल्लो, धुपी, भोजपत्र र लौठसल्लाजस्ता बहुमूल्य र रैथाने प्रजाति रहेका छन्।

जोखिममा हिंउ चितुवा र कस्तुरी मृगको बासस्थान

यहाँ निर्माणाधीन आयोजना जिल्लाको मध्य तथा माथिल्लो वन क्षेत्र अन्तर्राष्ट्रिय रूपमा सङ्कटापन्न र नेपालको कानुनद्वारा कडा रूपमा संरक्षित हिंउ चितुवा, कस्तुरी मृग, नाउर, घोरल र हिमाली भालुजस्ता वन्यजन्तुको मुख्य चरन क्षेत्र र जैविक मार्ग नजिक पर्दछ। सुरुङ खन्ने क्रममा गरिने दैनिक भारी विष्फोटन, ढुङ्गा फुटाउने क्रसर उद्योगको चर्को ध्वनि प्रदूषण र हेभी इक्विपमेन्टको निरन्तर आवतजावतले गर्दा वन्यजन्तु त्रसित भई आफ्नो प्राकृतिक बासस्थान छाडेर असुरक्षित क्षेत्रतर्फ विस्थापित हुने खतरा बढेको पाल्साङ लामाले बताए।

कोतोस्थित बाँधबाट मस्र्याङ्दी नदीको पानीलाई छ किलोमिटर लामो भूमिगत सुरुङभित्र हालिने हुनाले बाँधदेखि खोत्रोको विद्युत् गृहसम्मको साविक नदी क्षेत्र पूर्ण रूपमा 'सुक्खा क्षेत्र' मा परिणत हुनेछ । हिउँदका समयमा नदीमा पानीको बहाव प्राकृतिक रूपमै कम हुने हुँदा मस्र्याङ्दी नदीको यो खण्ड सुक्ने हुँदा नदीभित्र रहेका रैथाने जलचर र पानीमा आश्रित सूक्ष्म वनस्पतिको जीवनचक्र सदाका लागि अन्त्य हुने देखिएको छ।

नेपालको जलस्रोत ऐन र वातावरणीय कानुनअनुसार हिउँदमा पनि नदीको साबिक बहावको न्यूनतम् १० प्रतिशत पानी अनिवार्य रूपमा नदीमै छाड्नुपर्ने बाध्यात्मक व्यवस्था छ।

हिमाली क्षेत्रका यस्ता दुर्गममा आयोजनाले नियम पालना गरे–नगरेको निष्पक्ष र नियमित अनुगमन गर्ने प्रणाली कमजोर हुँदा जलचरको जीवनचक्र प्रभावित हुने चिन्ता संरक्षण क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष याद घलेले बताए।

**च्याउको प्रजाति अनुसन्धान**

जलविद्युत् आयोजनाका कारण वन क्षेत्र प्रभावित हुने र जैविक मार्ग खल्बलिने भएपछि अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) मनाङले प्रभावित वन क्षेत्रमा रैथाने र सूक्ष्म जैविक स्रोतको अस्तित्व जोगाउन अनुसन्धान थालेको छ। एक्याप मनाङको प्राविधिक टोलीद्वारा नार्सों गाउँपालिकाको वन क्षेत्रमा च्याउको विविधता, यसको परम्परागत तथा सांस्कृतिक उपयोग र प्रजाति पहिचानका लागि 'च्याउ सूचीकरण तथा स्थलगत सर्वेक्षण' सुरु गरिएको जनाएको छ।

एक्याप मनाङको प्राविधिक टोलीले नार्सों गाउँपालिका–४ को ओडार क्षेत्रबाट स्थलगत सर्वेक्षण सुरु गरी खोत्रोसम्म सङ्कलन कार्य गरेको छ भने खोत्रोदेखि सुर्खी खोलासम्मको पदमार्ग र जङ्गल क्षेत्रमा च्याउका प्रजातिको खोजी थालिएको एक्याप मनाङका प्रमुख ढकबहादुर भुजेलले जानकारी दिए। उनका अनुसार प्रारम्भिक दुई दिनको स्थलगत अध्ययन र खोजीका क्रममा टोलीले सो क्षेत्रबाट करिब ४५ भन्दा बढी प्रजातिका च्याउ फेला पारी अभिलेखीकरण गरिएको छ । सङ्कलन गरिएका च्याउमध्ये कुन खानयोग्य, कुन औषधीय गुण भएका र कुन विषालु छन् भन्नेबारे प्रजाति पहिचान र विस्तृत वैज्ञानिक प्रतिवेदन लेखनकार्य भइरहेको एक्यापले जनाएको छ।

यहाँका आदिवासी जनजाति र हिमाली समुदायमा च्याउसम्बन्धी परम्परागत ज्ञान रहेको छ। 'पुस्तौंदेखि स्थानीयले कुन च्याउ खाने र कुन नखाने भनेर छुट्याउने आफ्नै मौलिक पहिचानको तरिका रहेको छ । तर, आधुनिक पूर्वाधार निर्माण र वन विनासका कारण यस्ता महत्त्वपूर्ण वनस्पति र सूक्ष्म जीव हराउँदै जान थालेपछि एक्यापले सङ्कलन र डकुमेन्टेसनको कामलाई प्राथमिकता दिएको हो', भुजेलले भने, 'यस सर्वेक्षणले भविष्यमा च्याउजन्य प्राकृतिक स्रोतको दिगो संरक्षण, परम्परागत ज्ञानको पुस्तान्तरण र वैज्ञानिक उपयोगका लागि नीति निर्माण गर्न महत्वपूर्ण योगदान पुर्याउने विश्वास लिएको छ।

शोधभर्ना योजना

नेपालको वन नियमावली र संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधार निर्माणसम्बन्धी कार्यविधिअनुसार वातावरणीय क्षति पुर्याएबापत जलविद्युत् प्रवर्द्धक कम्पनीले कडा कानुनी दायित्व पूरा गर्नुपर्ने प्रावधान रहेको छ । १ः१० को अनुपातमा १८ हजार ३९० बिरुवाको वृक्षरोपण गर्नुपर्ने र एक हजार ८३९ वटा रूख र पोलको शोधभर्नाबापत आयोजनाले १ः१० को अनुपातमा कुल १८ हजार ३९० वटा नयाँ बिरुवा रोप्नुपर्ने प्रावधान रहेको एक्यापले जनाएको छ।

क्त बिरुवालाई पाँच वर्षसम्म गोडमेल गर्ने, घेराबार गर्ने र हुर्काएर वन कार्यालयलाई हस्तान्तरण गर्ने सम्पूर्ण वित्तीय तथा व्यवस्थापकीय जिम्मेवारी प्रवर्द्धक कम्पनीकै हुनेछ । जग्गा सट्टाभर्ना आयोजनाले स्थायी संरचनाका लागि प्रयोग गर्ने ३३.०४७ हेक्टर राष्ट्रिय वन क्षेत्रको सट्टामा कम्पनीले सोही क्षेत्रफलबराबरको निजी जग्गा आफ्नै खर्चमा खरिद गरी वन मन्त्रालयको नाममा रजिष्ट्रेसन पास गरिदिनुपर्ने कानुनी बाध्यता छ। रासस

# अदुवाखेती गर्न थालेपछि बाँदर हराउँदै



**पर्वत।**
पैंयू गाउँपालिकामा यहाँका किसानले ६० रोपनी जग्गामा सामूहिक अदुवाखेती गर्न थालेपछि क्रमशः बाँदर हराउँदै जान थालेका छन्। अदुवा नगदे तथा मसला बाली हो। दक्षिण पर्वतको अधिकारीडाँडामा ४० जना कृषकले बाँदरलगायत अन्य वन्यजन्तुबाट पीडित भएपछि मकै बाली विस्थापित गर्दै अदुवाखेती गरेका हुन्।

गत वर्ष पाँच रोपनीमा सोचेभन्दा धेरै आम्दानी भएपछि यस वर्ष ६० रोपनी क्षेत्रफलमा अदुवाखेती विस्तार गरिएको समूहका अध्यक्ष हुमलाल अधिकारीले जानकारी दिए । गत वैशाखमा गरिएको अदुवाखेती आगामी पुस महिनामा खनेर बजार पठाइने भएको छ । यहाँका प्रत्येक कृषकले चारदेखि छ क्विन्टल अदुवा रोपेका छन्। गत वर्ष झन्डै ६० क्विन्टल अदुवा बिक्री गरेर ६ लाख रुपैयाँ आम्दानी गरेका कृषकले यस वर्ष १० मेट्रिक टनभन्दा बढी उत्पादन हुने अनुमान गरेका छन्।

मकै र कोदो खेती गर्न छोडेपछि बाँदर हराउँदै गएको छ। आम्दानी पनि दोब्बर भएको छ। स्थानीय 'नशे' जातको अदुवाको उत्पादन राम्रो भएपछि कृषक अदुवाखेतीमा आकर्षित भएका छन्।

अदुवाखेतीको प्रवद्र्धन र कृषकलाई प्रोत्साहन गर्न कृषि विकास कार्यालय पर्वतले बीउमा प्रतिकिलो १०० रुपैयाँ र बजार मूल्यमा प्रतिकिलो ५० रुपैयाँका दरले अनुदान उपलब्ध गराएको छ।

यस वर्ष गाउँपालिकाले समूहलाई थप ३ लाख रुपैयाँ अनुदान दिएको कृषि विकास कार्यालय पर्वतका प्रमुख गोपाल शर्मा लामिछानेले जानकारी दिए।

नेपाल विश्वको चौथो ठूलो अदुवा उत्पादक राष्ट्र हो । उत्पादनको झन्डै ६० प्रतिशत अदुवा भारतलगायतका देशमा निर्यात हुन्छ। ग्रामीण अर्थतन्त्र उकास्न र कृषकको आयआर्जन बढाउन अदुवा बाली महत्त्वपूर्ण मानिन्छ। नेपालका ६९ जिल्लामा अदुवाको व्यावसायिक खेती हुन्छ। जसमध्ये इलाम, सल्यान, पाल्पा, डोटी, मकवानपुर र धनकुटा प्रमुख अदुवा उत्पादन गर्ने जिल्लामा पर्छन्। रासस

# तीनढ्वाङ्गे पुलबाट जोखिमपूर्ण यात्रा



**सुनसरी।**
धरान उपमहानगरपालिका–८ स्थित तीनढ्वाङ्गे खहरेको किनारमा बस्दा हरिमाया सुनुवारको आँखा आज पनि रसाउँछ। पुल भत्किएको ठाउँतिर हेर्दै उनी श्रीमान् राम सुनुवारलाई सम्झिन्छिन्। तीन वर्षअघि यही पुलबाट लडेर गम्भीर घाइते भएका उनका श्रीमान्को उपचारकै क्रममा मृत्यु भएको थियो । त्यसयता उनको परिवार ऋण, अभाव र पीडासँग जुधिरहेको छ। पुल भने अझै पुनर्निर्माण भएको छैन। विसं २०८० चैतमा निर्माण सम्पन्न भएको उक्त पुल पाँच महिना बित्न नपाउँदै साउन २२ गते राति आएको भीषण बाढीबाट भत्कियो । त्यस स्थानमा सरोकारवाला निकायले नयाँ पक्की पुल निर्माण गर्ने विषयमा समयमै चासो नदिँदा स्थानीयवासी अहिले पनि जोखिम मोलेर आवतजावत गर्न बाध्य छन्।

'घरको मूल सहारा नै गुम्यो', हरिमाया भन्छिन्, 'उपचार गर्दा लागेको ऋण अहिलेसम्म तिर्न सकेका छैनौँ। श्रीमान्को मृत्यु भएको केही समयपछि काम विशेषले इटहरी जाँदा जेठो छोरा पनि सुनसरीको तरहरामा दुर्घटनामा परी घाइते भए । अहिलेसम्म उसले राम्रोसँग काम गर्न सक्दैनन्। केही क्षतिपूर्ति वा राहत पाइन्छ कि भनेर वडा र नगरपालिका धाए, न राहत पाए, न त पुल नै बन्यो।'

तीनढ्वाङ्गेको पुलबाट लडेर राम सुनुवारको ज्यान गयो भने मोटरसाइकल, स्कुटरलगायतका सवारीसाधन दुर्घटनामा १० जनाभन्दा बढी घाइते भइसकेका छन्। यही महिनामै पनि स्कुटर पुलबाट खस्दा दुई जना घाइते भए।

त्यस घटनामा धनकुटा बेलहरा हर्कबहादुर राई दुवै खुट्टा भाँचिएर अहिले धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचाररत छन् । उनीसँगै स्कुटरमा सवार धरान–१ का भीम राई भने उपचारपछि घर फर्किएका छन्।

पुलको छेउबाट पैदलयात्रुका लागि अस्थायी फलामे पुल बनाइएको छ। तर मोटरसाइकल तथा अन्य सवारीसाधनले लामो घुमाउरो बाटो प्रयोग गर्नुपर्छ । स्थानीयले पुल वारपार गर्न परेमा जोखिम मोलेर पुरानै बाटो प्रयोग गर्न बाध्य छन् । स्थानीय लीलामाया तामाङ भन्छिन्, 'चुनावका बेला नेता पुल बनाइदिने वाचा गर्दै भोट माग्न आएका थिए। त्यही भएर पनि हामी कहिले पुल बन्ला भन्ने आशामा छौँ। बर्खा लागिसक्यो, खोलामा बाढी आउँछ तर पार गर्ने अर्को विकल्प केही छैन।'

दुर्गापथ टोल विकास संस्थाका अध्यक्ष सुवास श्रेष्ठका अनुसार विसं २०१७ मा तत्कालीन ब्रिटिस घोपा क्याम्पसम्म आवतजावत सहज बनाउन निर्माण गरिएको पुल मदन भण्डारी राजमार्ग विस्तारका क्रममा नयाँ पुल नबनाई पुरानै पुलमाथि कालोपत्र गरिएकाले संरचना कमजोर बनेको र पछि भत्किएको हो। धरान बजारको फोहर पानी यही खहरेमा मिसिने भएकाले वर्षायाममा आउने भेलले करिब २०० भन्दा बढी घर बाढी र कटानको जोखिममा परेका छन्।

वर्षायाम सुरु भइसकेकाले खहरेमा आउने बाढी थुनिएर बस्तीमा पस्न सक्ने खतरा पनि बढेको छ। पुल नहुँदा बिरामीलाई समयमै बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पु¥याउन समेत समस्या झेल्नुपरेको छ । धरान उपमहानगरपालिकाका कार्यवाहक नगरप्रमुख अइन्द्रविक्रम बेघाले पुल पुनर्निर्माणको प्रक्रिया अब छिट्टै सुरु गरिने भएकाले तत्कालका लागि अस्थायी रूपमा क्याबिन राखी कल्भर्टमार्फत पानी बगाउने योजना बनाइएको बताए। रासस

# एक सातासम्म पनि दर्ता भएन कुटपिटको जाहेरी, कालिकामाईका कर्मचारी आन्दोलित



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको कालिकामाई गाउँपालिकाका कम्प्युटर अपरेटर चन्दन कुमार चौरसियामाथि कार्यालयभित्रै भएको कुटपिट घटनाको एक सातापछि पनि किटानी जाहेरी दर्ता नभएको भन्दै गाउँपालिकाका कर्मचारीहरूले प्रहरी प्रशासनप्रति तीव्र असन्तुष्टि व्यक्त गरेका छन्। उनीहरूले दोषीलाई कानुनी दायरामा ल्याउन माग गर्दै आन्दोलनलाई थप सशक्त बनाउने चेतावनी दिएका छन्।

मंगलबार वीरगंजमा आयोजित पत्रकार सम्मेलनमा गाउँपालिकाका कर्मचारीहरूले घटना भएको भोलिपल्ट नै इलाका प्रहरी कार्यालय पोखरिया र जिल्ला प्रहरी कार्यालय पर्सामा किटानी जाहेरी दर्ताका लागि पुगे पनि हालसम्म मुद्दा दर्ता नभएको आरोप लगाए । उनीहरूका अनुसार यसअघि गरिएको पेनडाउन आन्दोलनबाट पनि कुनै सुनुवाइ नभएपछि थप दबाबमूलक कार्यक्रम घोषणा गर्न बाध्य भएको हो । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशव कुमार अधिकारीले कालिकामाई गाउँपालिका–३ का वडाध्यक्ष सञ्जय कुमार पटेल, गाउँपालिका–२ निवासी राजनिश कुशवाहा र हिरालाल राउत कुर्मीविरुद्ध आपराधिक उपद्रव मुद्दामा किटानी जाहेरी दिएको भए पनि प्रहरीले दर्ता नगरेको बताए।

उनका अनुसार घटनाको सीसीटीभी फुटेजमा कार्यालयभित्रै कर्मचारीमाथि कुटपिट भएको दृश्य स्पष्ट देखिए पनि प्रहरी प्रशासनले आवश्यक कानुनी प्रक्रिया अघि बढाएको छैन । यसले कर्मचारीहरूमा असुरक्षाको भावना बढाएको र कार्यालयमा त्रासको वातावरण सिर्जना भएको उनको भनाइ छ। अधिकारीले प्रहरी प्रशासनको भूमिकाप्रति प्रश्न उठाउँदै भने, 'पहिले इलाका प्रहरी कार्यालयले जिल्ला जानुस् भन्यो, जिल्लाले फेरि इलाकामै फर्कायो । अन्ततः जाहेरी बुझिएपनि दर्ता गरिएन । जिल्ला प्रहरी प्रमुखसँग भेट्न खोज्दा पनि सम्भव भएन। कर्मचारीकै उजुरी दर्ता हुन नसक्ने अवस्था छ भने सर्वसाधारणले न्याय कसरी पाउलान् भन्ने गम्भीर प्रश्न उठेको छ।'

उनले घटनाले कर्मचारीहरूको मनोबल कमजोर बनाएको, गाउँपालिकाको नियमित प्रशासनिक कामकाज प्रभावित भएको र सुशासनमाथि समेत प्रतिकूल असर परेको बताए । गाउँपालिकाका प्रशासन शाखा प्रमुख सरोज कुमार साहका अनुसार आन्दोलनको नयाँ कार्यक्रमअन्तर्गत असार ३१ गतेदेखि साउन १ गतेसम्म कर्मचारीहरूले कालोपट्टी बाँधेर बिहान ९ बजेदेखि १२ बजेसम्म मात्रै कार्यालय सञ्चालन गर्नेछन् । त्यसपछि साउन ४ र ५ गते जिल्ला प्रशासन कार्यालय पर्साअगाडि गाउँपालिका तथा वडा कार्यालयका कर्मचारीहरूको सहभागितामा धर्ना कार्यक्रम आयोजना गरिनेछ।

यति हुँदाहुँदै पनि दोषीमाथि कानुनी कारबाही अघि नबढे साउन ६ गते गाउँपालिका अन्तर्गतका सबै कार्यालय पूर्ण रूपमा बन्द गरी कार्यालयको साँचो जिल्ला प्रशासन कार्यालय पर्सामा बुझाउने निर्णय गरिएको पनि उनले जानकारी दिए।

यसअघि पनि कर्मचारीहरूले विरोधस्वरूप गाउँपालिकाको सम्पूर्ण प्रशासनिक सेवा ठप्प पारेका थिए । आन्दोलनका क्रममा दुई दिनसम्म विद्यालय र स्वास्थ्य संस्थासमेत बन्द गरिएपछि व्यापक आलोचना भएको थियो। त्यसपछि ती अत्यावश्यक सेवा पुनः सञ्चालनमा ल्याइएको थियो।

पीडित कम्प्युटर अपरेटर चन्दन कुमार चौरसियाले आफू कार्यालय समयमै योजनाबद्ध रूपमा आक्रमणको शिकार भएको दाबी गर्दै घटनामा संलग्न सबैलाई कानुनी दायरामा ल्याउन, सरकारी कर्मचारीको सुरक्षा सुनिश्चित गर्न तथा दोषीलाई कानुनअनुसार कडा कारबाही गर्न माग गरे।

पत्रकार सम्मेलनमा गाउँपालिकाका कर्मचारी, सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा विभिन्न शाखाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। सोही दिन कर्मचारीहरूको टोलीले पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई भेटेर पनि जाहेरी दर्ता हुन नसकेको विषयमा गम्भीर ध्यानाकर्षण गराउँदै आवश्यक पहल गर्न आग्रह गरेको जनाएको छ।

उता, जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक चक्र मल्लले कर्मचारी पक्षबाट आपराधिक उपद्रवसम्बन्धी जाहेरी प्राप्त भएको पुष्टि गर्दै घटनाबारे अनुसन्धान जारी रहेको बताएका छन्।

# नगरप्रहरीलाई २४सै घण्टा अलर्ट रहन वीरगंजका कार्यवाहक प्रमुख आलमको निर्देशन



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगञ्ज महानगरपालिकाका कार्यवाहक प्रमुख इम्तियाज आलमले नगरवासीको सुरक्षा, सेवा प्रवाह तथा वर्षायाममा उत्पन्न हुन सक्ने आपत्कालीन अवस्थालाई मध्यनजर गर्दै नगरप्रहरीलाई चौबिसै घण्टा तयारी अवस्थामा रहन निर्देशन दिएका छन्।

मंगलबार महानगरपालिकामा आयोजित नगरप्रहरीको रोलकल (हाजिरी तथा निरीक्षण) कार्यक्रममा कार्यवाहक प्रमुख आलम र प्रमुख प्रशासकीय अधिकृत वसन्त बहादुर बोहराले संयुक्त रूपमा नगरप्रहरीलाई जिम्मेवारीप्रति थप सक्रिय, अनुशासित र नागरिकमैत्री भएर काम गर्न आग्रह गरेका हुन्।

महानगरले सञ्चालन गरिरहेको सडक विस्तार अभियान तथा वर्षायामका चुनौतीका कारण नगरप्रहरीको जिम्मेवारी अझ बढेको भन्दै उनीहरूलाई हरसमय सेवामा खटिन निर्देशन दिइएको हो। कार्यक्रमलाई सम्बोधन गर्दै कार्यवाहक प्रमुख आलमले अहिले वीरगञ्जका नागरिक विभिन्न समस्यासँग जुधिरहेको उल्लेख गर्दै नगरप्रहरी जनताको पहिलो भरोसाको सुरक्षा संयन्त्रका रूपमा प्रस्तुत हुनुपर्ने बताए। उनले भने, 'सडक विस्तारका कारण सहरको आवागमन प्रभावित भएको छ। नाला व्यवस्थापनदेखि ट्राफिक सञ्चालनसम्म नागरिकले दैनिक कठिनाइ भोगिरहेका छन् । वर्षायामले थप जोखिम सिर्जना गरेको छ । यस्तो अवस्थामा नगरप्रहरी २४सै घण्टा तयारी अवस्थामा रहेर नागरिकको सेवामा समर्पित हुनुपर्छ।'

प्रमुख प्रशासकीय अधिकृत बोहराले सीमित स्रोत–साधनका बाबजुद नगरप्रहरीले सार्वजनिक सम्पत्तिको संरक्षण, नगरवासीको सुरक्षा तथा शान्ति–व्यवस्था कायम गर्ने दायित्व प्रभावकारी रूपमा निर्वाह गर्नुपर्ने बताए । आवश्यक उपकरण र सामग्रीको अभाव हटाउन महानगरपालिकाले चाँडै आवश्यक व्यवस्था गर्ने प्रतिबद्धता पनि उनले व्यक्त गरे । उनले कर्मचारी संयन्त्रमा अनुशासन, जिम्मेवारीबोध र 'चेन अफ कमान्ड'को पूर्ण पालना अनिवार्य रहेको स्पष्ट पार्दै सेवा प्रवाहमा कुनै प्रकारको लापरबाही स्वीकार्य नहुने चेतावनी दिए।

बोहराले भने, 'नगरप्रहरीका सबै अभिलेख अध्ययन गरेको छु। करार, अस्थायी वा स्थायी जुनसुकै हैसियतका कर्मचारी भए पनि जिम्मेवारी समान हुन्छ । सबैले अनुशासित, इमान्दार र उत्तरदायी भएर काम गर्नुपर्छ। भविष्यमा अनुशासन उल्लंघन गर्ने जोसुकैमाथि कानुनअनुसार कारबाही हुनेछ ।' महानगरपालिकाका अनुसार कार्यक्रममा नगरप्रहरीसँग सम्बन्धित गुनासोहरू न्यूनीकरण गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने, सडक विस्तार अभियानमा आवश्यक सहजीकरण गर्ने तथा आगामी गहवामाई रथयात्रालाई सुरक्षित, व्यवस्थित र मर्यादित रूपमा सम्पन्न गराउन विशेष सुरक्षा तयारी गर्नसमेत निर्देशन दिइएको छ।

# राष्ट्रिय हितका लागि सबै दल एकजुट हुन रास्वपा सांसद सिंहको आग्रह



**मधेशदृष्टि**
**जनकपुरधाम।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद अमरेशकुमार सिंहले मुलुक अहिले गम्भीर संकटको अवस्थामा रहेको र जनतामा निराशा बढ्दै गएको भन्दै संसद्मा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दललाई राष्ट्रिय हितका लागि एकजुट हुन आग्रह गरेका छन्।

मंगलबार प्रतिनिधिसभाको बैठकमा बोल्दै सांसद सिंहले सभामुखमार्फत सरकारलाई संसद्मा रहेका सबै दलबीच सहकार्य र एकताको वातावरण निर्माण गर्न आग्रह गरे।

उनले दलहरूबीचको मतभेदभन्दा माथि उठेर राष्ट्रिय मुद्दा तय गर्दै साझा रूपमा अघि बढ्नुपर्नेमा जोड दिए।

सांसद सिंहले राज्य र जनता सुरक्षित रहे मात्र राजनीतिक गतिविधि सम्भव हुने उल्लेख गर्दै राजनीतिक प्रतिस्पर्धाका नाममा जनतामा थप निराशा फैलाउने कार्य नगर्न सबै दललाई आग्रह गरे।

उनले देशमा बढ्दो निराशा अन्त्य गर्न सबै राजनीतिक दलले जिम्मेवार भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता औंल्याए । साथै, उनले यसै साताको आत्मदाह प्रयासपछि ज्यान गुमाएका व्यक्तिप्रति श्रद्धाञ्जली व्यक्त गर्दै यस्ता घटनाले मुलुकको वर्तमान अवस्था गम्भीर रहेको संकेत गरेको बताए।

उनले राजनीतिक दलहरूबीच आपसी आरोप–प्रत्यारोपभन्दा पनि राष्ट्रिय एकता, लोकतन्त्रको संरक्षण र नागरिकको विश्वास कायम गर्न केन्द्रित हुनुपर्ने धारणा व्यक्त गरे।

# अदालतबाट सजाय पाएका फरार प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषा प्रहरीले विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवानाको सजाय सुनाइएपछि फरार रहेका आठ जना प्रतिवादीलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार जिल्ला अदालत धनुषाको फैसला कार्यान्वयन अभियानअन्तर्गत फरार प्रतिवादीहरूको खोजी गर्ने क्रममा उनीहरू पक्राउ परेका हुन्।

पक्राउ परेकाहरूलाई आवश्यक कानुनी प्रक्रिया पूरा गर्न जिल्ला अदालत धनुषामा पेश गरिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार चोरी मुद्दाका दुई प्रतिवादीलाई जनही एक महिना कैद र एक लाख ४० हजार रुपैयाँ जरिवाना सजाय तोकिएको थियो।

लागूऔषध मुद्दामा एक जनालाई सात दिन कैद र ७ सय रुपैयाँ जरिवाना तथा अर्को एक जनालाई २८ दिन कैद सजाय सुनाइएको थियो।

यस्तै, सवारी ज्यान मुद्दाका तीन प्रतिवादीलाई क्रमशः १३ दिन, १५ दिन र ९ दिन कैद तथा जनही २ हजार रुपैयाँ जरिवाना तोकिएको थियो।

वन पैदावर ओसारपसार मुद्दाका दुई प्रतिवादीलाई जनही ९६ हजार २९७ रुपैयाँ जरिवाना तथा कुटपिट–लुटपाट मुद्दाका प्रतिवादीलाई जनही ३ हजार रुपैयाँ जरिवाना सजाय भएको प्रहरीले जनाएको छ । प्रहरीले अदालतको फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन फरार प्रतिवादीको खोजी तथा पक्राउ अभियानलाई निरन्तरता दिने जनाएको छ।

# आत्मदाहको प्रयास गरेको मण्डलको निधन

**मधेशदृष्टि**
**सर्लाही।**
आफैंमाथि पेट्रोल छर्केर आत्मदाहको प्रयास गरेका सर्लाहीका ३५ वर्षीय विवेक मण्डलको उपचारका क्रममा निधन भएको छ । कीर्तिपुरस्थित बर्न अस्पतालमा उपचाररत मण्डलको मंगलबार बिहान करिब २:४० बजे निधन भएको जिल्ला प्रहरी परिसर काठमाडौँका एसपी पवनकुमार भट्टराईले जानकारी दिए।

सर्लाहीको गडैता नगरपालिका–१० निवासी मण्डलले गत असार २६ गते आफ्नै घरनजिक पेट्रोल छर्केर आत्मदाहको प्रयास गरेका थिए । घटनालगत्तै गम्भीर घाइते भएका उनलाई हेलिकोप्टरमार्फत काठमाडौँ ल्याई कीर्तिपुरस्थित बर्न अस्पतालमा भर्ना गरिएको थियो।

शरीरको ठूलो भाग जलेर गम्भीर अवस्थामा रहेका मण्डललाई बचाउन चिकित्सकहरूले अथक प्रयास गरे पनि त्यो सफल हुन सकेन।

# यातायात कार्यालयको सिस्टम सुचारु

**मधेशदृष्टि**
**वीरगंज।**
देशभर अवरुद्ध रहेको यातायात कार्यालयको सिस्टम सुचारु भएको छ। देशभरका यातायात व्यवस्था कार्यालयहरुमा केही दिनयता देखिएको प्राविधिक समस्या समाधान भएको हो।

केन्द्रीय सर्भर र नेटवर्कमा आएको खराबीका कारण सवारी चालक अनुमतिपत्रको आवेदन, नवीकरण, स्मार्ट कार्ड प्रिन्ट, सवारी साधनको नामसारी, कर भुक्तानी तथा जाँचपासलगायतका सम्पूर्ण अनलाइन सेवाहरू पूर्ण रुपमा ठप्प भएका थिए। प्रणालीले काम गर्न छाडेपछि देशभरका यातायात कार्यालयहरूको दैनिक प्रशासनिक काम ठप्प प्रायः बनेको थियो । प्राविधिक टोलीले लगातारको प्रयासपछि सर्भरको समस्यालाई ट्र्याक गरी त्यसको समाधान गरेसँगै आज दिउँसो ३ बजेबाट यातायात कार्यालयहरूको सिस्टम पूर्ण रुपमा सञ्चालनमा आएको हो। यातायात व्यवस्था विभागका आइटी डाइरेक्टर केशव खतिवडाले अहिले सिस्टम चलेर देशभरका कार्यालयबाट सेवा सुरु भएको बताए।

उनले भने,'अहिले देशभरका धेरै कार्यालयबाट सेवा सुरु भएको छ। बाँकी केहीको पनि सेवा सुचारु गर्नेको लागि काम हुँदै छ।

# वर्षाले कलैयाको सब–स्टेशन जलमग्न

**मधेशदृष्टि**
**कलैया।**
अविरल वर्षाका कारण नेपाल विद्युत प्राधिकरण वितरण केन्द्रअन्तर्गत बाराको कलैयास्थित सब–स्टेशन जलमग्न भएको छ । लगातारको वर्षासँगै सब–स्टेशन परिसरमा ठूलो परिमाणमा पानी जमेको वितरण केन्द्रले जनाएको छ।

पानीको निकासका लागि दमकल तथा पानी तान्ने मोटर प्रयोग गरी पानी हटाउने कार्य भइरहेको केन्द्रले जानकारी दिएको छ। प्राधिकरणले सब–स्टेशनको अवस्थालाई निरन्तर निगरानीमा राखिएको र विद्युत सेवा प्रभावित हुन नदिन आवश्यक प्रयास भइरहेको जनाएको छ।

# पर्सामा ५५ प्रतिशत धान रोपाइँ सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा जिल्लामा यस वर्ष अहिलेसम्म करिब ५५ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ। गत वर्ष यही अवधिमा ६० प्रतिशत धान रोपाइँ सम्पन्न भएको थियो।

कृषि ज्ञान केन्द्र पर्साका सूचना अधिकारी एवं बाली संरक्षण अधिकृत उमेश थापाका अनुसार जिल्लामा करिब ५० हजार हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेकोमा हालसम्म २७ हजार ५०० हेक्टर क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको छ।

अझै २२ हजार ५०० हेक्टर क्षेत्रफलमा धान रोपाइँ गर्न बाँकी रहेको उनले जानकारी दिए।

थापाका अनुसार यस वर्ष मनसुन ढिलो गरी भित्रिनुका साथै समयमै पर्याप्त वर्षा नहुँदा धान रोपाइँ प्रभावित भएको हो । त्यसका कारण गत वर्षको तुलनामा यस वर्ष रोपाइँको प्रगति केही सुस्त देखिएको उनले बताए । यद्यपि, पछिल्ला केही दिनदेखि निरन्तर वर्षा हुन थालेपछि जिल्लाभर धान रोपाइँले गति लिएको छ। अबको केही दिन मौसम यस्तै अनुकूल रहेमा बाँकी क्षेत्रफलमा पनि छिट्टै धान रोपाइँ सम्पन्न हुने अनुमान कृषि ज्ञान केन्द्रले गरेको छ।

# 'सामान्य ज्वरोका बिरामीसँग एक लाख असुली' नीलकण्ठ अस्पतालमाथि चर्को शुल्क असुलेको आरोप

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजस्थित जिल्ला विकास समिति नजिक रहेको नीलकण्ठ होस्पिटल एन्ड रिसर्च सेन्टर उपचारका क्रममा बिरामीबाट अत्यधिक शुल्क असुलेको आरोपमा विवादमा तानिएको छ।

उपचार गराएका एक बिरामीका परिवारले पत्रकार सम्मेलन गर्दै सामान्य ज्वरोका बिरामीलाई अनावश्यक रूपमा आईसीयूमा राखी करिब एक लाख रुपैयाँ बराबरको उपचार खर्च उठाइएको दाबी गरेका छन्।

पीडित पक्षका अनुसार पर्साको जगन्नाथपुर गाउँपालिकाका ममताज अन्सारीलाई चार दिनअघि सामान्य ज्वरो आएपछि उपचारका लागि उक्त अस्पताल लगिएको थियो । उनीहरूको भनाइमा बिरामीको स्वास्थ्य अवस्था गम्भीर नभएपनि अस्पतालले आईसीयूमा भर्ना गरी विभिन्न परीक्षण, औषधि तथा उपचार प्रक्रियाको नाममा ठूलो रकमको बिल तयार गरेको हो।

बिरामीका आफन्तले आवश्यकता भन्दा बढी स्वास्थ्य परीक्षण र उपचार गरिएको आरोप लगाउँदै त्यसबाट आफूहरूलाई अनावश्यक आर्थिक भार बेहोर्न बाध्य बनाइएको बताएका छन् । उनीहरूले बिरामीको वास्तविक स्वास्थ्य अवस्थाभन्दा आर्थिक लाभलाई प्राथमिकता दिइएको आरोपसमेत लगाएका छन्।

पत्रकार सम्मेलनमार्फत पीडित परिवारले सम्बन्धित सरकारी निकायसँग घटनाको निष्पक्ष छानबिन गर्न, अस्पतालको उपचार प्रक्रिया तथा बिलिङ प्रणालीको अनुसन्धान गरी सत्यतथ्य सार्वजनिक गर्न र आरोप पुष्टि भए कानुनबमोजिम कारबाही गर्न माग गरेका छन्।

यता, यस विषयमा अस्पतालको धारणा बुझ्न नीलकण्ठ होस्पिटल एन्ड रिसर्च सेन्टरसँग सम्पर्क गर्ने प्रयास गरिएपनि अस्पताल प्रशासनबाट कुनै आधिकारिक प्रतिक्रिया प्राप्त हुन सकेन।

यस घटनापछि स्थानीयवासी तथा सरोकारवालाहरूले निजी स्वास्थ्य संस्थाको सेवा, उपचारको पारदर्शिता, बिरामीको अधिकार र शुल्क निर्धारण प्रक्रियामाथि सम्बन्धित निकायले गम्भीर छानबिन गरी वास्तविकता सार्वजनिक गर्नुपर्ने आवश्यकता औंल्याएका छन्।

## सम्पादकीय

# लोकतन्त्रको कसीमा सरकारका प्रश्नयोग्य कदम

नेपालको वर्तमान राजनीतिक परिदृश्यमा सरकारका कतिपय गतिविधि र शैलीहरूले लोकतान्त्रिक मूल्य–मान्यतामाथि नै गम्भीर प्रश्न खडा गरिदिएका छन्। विशेषगरी, सञ्चार गृहहरू र राजनीतिक नेतृत्वका निवास अगाडि सवारी साधनहरू तेर्स्याएर आवागमन र कार्यसम्पादनमा अवरोध पु¥याउने कार्यले विधिको शासनको खिल्ली उडाएको आभास हुन्छ। राज्यका संयन्त्रहरू वा असन्तुष्ट समूहहरूबाट हुने यस्ता अराजक प्रदर्शनले नागरिकको सूचनाको हक र व्यक्तिगत स्वतन्त्रतामाथि सिधै प्रहार गरेको छ। यस्ता घटनाहरू सामान्य विरोध प्रदर्शन मात्र नभई लोकतन्त्रलाई कमजोर बनाउने सुनियोजित प्रयास हुन् कि भन्ने आशंका सर्वत्र व्याप्त भएको छ।

प्रेस स्वतन्त्रता लोकतन्त्रको मेरुदण्ड हो, तर मिडिया हाउसका गेटमै गाडी तेर्स्याएर धम्कीपूर्ण शैलीमा अवरोध सिर्जना गर्नु कुनै पनि सभ्य समाजका लागि स्वीकार्य हुन सक्दैन। यदि कसैलाई मिडियाको सामग्रीप्रति असहमति छ भने त्यसको उपचार खोज्ने कानुनी बाटोहरू हुँदाहुँदै भौतिक अवरोधमा उत्रिनुले राज्यको लाचारी वा अराजकतालाई नै प्रश्रय दिन्छ। यस्ता गतिविधिले अन्तर्राष्ट्रिय जगतमा समेत नेपालको प्रेस स्वतन्त्रता र सुरक्षाको अवस्थाबारे नकारात्मक सन्देश प्रवाह गरिरहेको छ। सरकारले यस्ता उच्छृंखल गतिविधि नियन्त्रण गर्नुको सट्टा मौन बस्नु वा सुरक्षा दिन नसक्नुले उसको नियतमाथि प्रश्न उठाउने ठाउँ प्रशस्त दिएको छ।

सरकारले गरेका एकपछि अर्को निर्णयहरू अदालतबाट उल्टिनुले कार्यपालिकाको अपरिपक्वता र कानुनी आधारको अभावलाई पुष्टि गर्दछ। राजनीतिक नियुक्तिदेखि राजदूत फिर्ता बोलाउने र अन्य प्रशासनिक निर्णयहरूमा समेत सर्वोच्च अदालतले रोक लगाउनु वा उल्ट्याउनुले सरकार 'ट्रायल एन्ड एरर' (परीक्षण र त्रुटि) को बाटोमा हिँडेको देखिन्छ। विधिको शासनमा सरकारका प्रत्येक कदम संविधान र कानुनको परिधिभित्र हुनुपर्छ। तर, बारम्बारका न्यायिक झट्काहरूले सरकारले कानुनी सल्लाह र प्रक्रियालाई उपेक्षा गर्दै स्वेच्छाचारी ढंगले अघि बढ्न खोजेको संकेत गर्दछ, जुन अन्ततः लोकतन्त्रका लागि घातक सिद्ध हुन सक्छ। नेतृत्वका घर र कार्यालय अगाडि गरिने यस्ता प्रदर्शन र अवरोधहरूले जनतामा व्याप्त चरम असन्तुष्टिलाई त दर्शाउँछन् नै, सँगै सरकार र नागरिकबीचको संवादहीनतालाई पनि उजागर गर्छन्।

जनताका गुनासा सुन्ने र तिनलाई सम्बोधन गर्ने लोकतान्त्रिक पद्धति भन्दा पनि सडकबाटै दबाब दिने र भौतिक अवरोध गर्ने संस्कृति मौलाउनुले राजनीतिक अस्थिरतालाई थप बल पु¥याएको छ।

सरकारले आफ्ना निर्णयहरू गर्दा जनभावना र कानुनी मर्यादाको ख्याल नगर्दा यस्ता परिस्थितिहरू सिर्जना भएका हुन्। शक्तिको दुरुपयोग र प्रक्रियागत त्रुटिहरूले नै सरकारलाई रक्षात्मक अवस्थामा पुऱ्याएको देखिन्छ। अन्त्यमा, सरकारले आफ्ना कामकारबाहीलाई आत्मसमीक्षा गर्दै संविधान र कानुनको मर्म अनुसार अघि बढाउनुको विकल्प छैन।

अदालतका फैसलाहरूको सम्मान गर्दै स्वेच्छाचारी निर्णयहरू सच्याउनु र प्रेस तथा नागरिक स्वतन्त्रताको रक्षा गर्नु सरकारको प्राथमिक दायित्व हो। सडकमा देखिने अराजकता र सरकारी निर्णयहरूमा देखिने कानुनी रिक्तताले मुलुकलाई सही दिशामा लैजान सक्दैन।

तसर्थ, सरकारले आफ्ना कदमहरूलाई प्रश्नयोग्य बनाउनु भन्दा पनि पारदर्शी, जवाफदेही र विधिसम्मत बनाउनु आजको मुख्य आवश्यकता हो। अन्यथा, लोकतन्त्रको नाममा हुने यस्ता बेथितिहरूले अन्ततः व्यवस्थालाई नै संकटमा पार्न सक्छन्।

# बालमैत्री विद्यालय निर्माणमा कोञ्ज्योसोमको अग्रसरता

–प्रकाश सिलवाल/रासस

शिक्षाको पहुँच र गुणस्तर वृद्धिका लागि भएका विभिन्न प्रयासमध्येको एक हो–बालमैत्री विद्यालयको अवधारणा। यसले विद्यालयको न्यूनतम र अपेक्षित मापदण्डहरू तय मात्रै गरेको छैन, विद्यालयको विकासमा सरोकार भएका पक्षहरुको भूमिकालाई पनि किटान गरेको छ।

अभिभावकहरुले बालबालिकाको पढाइप्रति कसरी चासो बढाउने, समुदायले विद्यालयको विकासमा कस्तो भूमिका खेल्ने र विद्यालयले आफ्नो गुणस्तर कसरी बढाउँदै लाने भन्नेजस्ता सवालमा चरणबद्ध आधारहरु पनि अवधारणाले अँगालेको छ। विद्यालयमा हुने शारीरिक, मानसिक, भावनात्मक वा लैङ्गिक हिंसाले बालबालिकाको सिकाइ र व्यक्तित्व विकासमा दीर्घकालीन असर पार्ने भएकाले विद्यालयलाई हिंसामुक्त र सुरक्षित बनाउनु गुणस्तरीय शिक्षाको पहिलो शर्त मानिन्छ।

सरकारले अवलम्बन गरेको बालमैत्री स्थानीय शासनको अवधारणालाई व्यवहारमा कार्यान्वयन गर्न पनि विद्यालयको समग्र विकासमा सरोकार भएका पक्षको भूमिका बढाउनु आवश्यक ठानिएको छ। अन्तरराष्ट्रिय लक्ष्य, राष्ट्रिय नीति र कानुनको ध्येय प्राप्तिका लागि स्थानीय सरकार, विद्यालय, समुदाय, अभिभावक र बालबालिकाबीचको सहकार्यमा बालमैत्री वातावरण निर्माण सबैको चाहना हो। यसले विद्यालय र समुदायबीच संवाद बढ्नुका साथै बालअधिकारसम्बन्धी विषय स्थानीय विकासको प्राथमिकतामा पार्न टेवा दिन्छ।

शिक्षा तथा खेलकुद मन्त्रालयले जारी गरेको 'गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयको राष्ट्रिय प्रारुप, २०६७' ले बालअधिकारसम्बन्धी महासन्धि, 'सबैको लागि शिक्षा' र 'सहस्राब्दी विकासका लक्ष्य' जस्ता अन्तरराष्ट्रिय प्रतिबद्धता कार्यान्वयनका सन्दर्भमा निश्चित आधारहरु तय गरेको छ। बालबालिकालाई विद्यालयमा पु¥याउनु मात्र होइन, सबै विद्यालयलाई बालबालिकाको इच्छाअनुसार बिना भेद्भाव र सुरक्षित वातावरणमा उपयुक्त शिक्षाको व्यवस्थापन गर्न सक्नु शिक्षक र अभिभावकको मूल जिम्मेवारी हो।

'बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९' बमोजिम कार्यान्वयन निर्देशिका समेत जारी भई सबै स्थानीय तहमा कार्यक्रम सञ्चालन भइरहेको सन्दर्भमा यसबाट विद्यालयमा बालअधिकारको संरक्षण, विद्यालय सुशासन र विद्यालयमा लगानी वृद्धिमा प्राथमिकता बढेको छ। यी प्रबन्धले बालबालिकाको इच्छा, चाहना, सवाल र भावनालाई एकीकृत गर्दै नीतिगत तहमा उनीहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गरेको छ।

विद्यालय सुधारको वास्तविक मापन भौतिक संरचनाले मात्र हुँदैन। विद्यार्थीले विद्यालयमा कति सुरक्षित महसुस गर्छन्, आफ्ना विचार कति स्वतन्त्र रूपमा राख्न सक्छन्, शिक्षकसँगको सम्बन्ध कस्तो छ र विद्यालयले उनीहरूको अधिकारको कत्तिको सम्मान गर्छ भन्ने पक्षले गुणस्तरीय शिक्षाको स्तर निर्धारण गर्छ।

बालबालिकाले सुरक्षित, सम्मानित र आत्मविश्वासका साथ सिक्ने साझा थलो विद्यालयलाई बालमैत्री, समावेशी र हिंसामुक्त बनाउने अवधारणा विश्वका धेरै मुलुकका कार्यान्वयन भइसकेको छ। नेपालको संविधान र बालबालिकासम्बन्धी ऐन–२०७५, राष्ट्रिय शिक्षा नीति, २०७७ आदि व्यवस्थाले बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राखेर विद्यालयलाई सुरक्षित सिकाइ स्थलका रूपमा विकास गर्न जोड दिएको छ।

पछिल्लो समयमा सरकारी र गैरसरकारी पहलमा बालअधिकार संरक्षणका लागि स्थानीय तहमा गठन भएका बालअधिकार समितिहरूको क्षमता विस्तार गरिएको छ। साथै, समितिका सदस्यहरूलाई बाल अधिकारसम्बन्धी कानुनी व्यवस्था, स्थानीय सरकारको भूमिका, बाल संरक्षणका संयन्त्र तथा जोखिम व्यवस्थापनका विषयमा प्रशिक्षण दिन थालिएको छ। यसबाट बालअधिकार समितिहरू बालमैत्री स्थानीय शासन कार्यान्वयन, बाल संरक्षण तथा विद्यालयसँगको समन्वयमा थप सक्रिय हुन थालेका छन्। बालबालिकासम्बन्धी समस्याको पहिचान, समन्वय र समाधानमा स्थानीय तहको भूमिका प्रभावकारी बन्दै गएको अनुभव गरिएको छ।

धेरै विद्यालयमा गुनासो सुनुवाइ पेटिका राखिए पनि त्यसको नियमित सुनुवाइ नहुँदा प्रभावकारी बन्न सकेको छैन। हाल विद्यालयमा क्रमशः गुनासो सुनुवाइ समिति सक्रिय बनेसँगै विद्यार्थीका गुनासा र सुझावलाई नियमित रूपमा सम्बोधन गर्न थालिएको छ। विद्यार्थीले आफूले भोगेका समस्या, विभेद, दुव्र्यवहार वा अन्य विषय निर्धक्क रूपमा राख्नसक्ने वातावरण बनेको छ। सुनुवाइ प्रक्रियाले विद्यालय व्यवस्थापनप्रति विद्यार्थीको विश्वास बढाएको छ भने विद्यालयलाई थप पारदर्शी र जवाफदेही बनाउन सहयोग पुगेको छ।

ग्रामीण तथा दुर्गम क्षेत्रका कतिपय विद्यालयमा अझै पनि बाल संरक्षण, बाल सहभागिता, सकारात्मक अनुशासन तथा विद्यालय सुधार योजनामा बालमैत्री अवधारणाको प्रभावकारी अझै चुनौतीकै रूपमा रहेको छ। यी चुनौतीको सामना गर्दै ललितपुरको दक्षिणी भेगको कोञ्ज्योसोम गाउँपालिकाका बालमैत्री विद्यालय निर्माणमा अग्रसर हुन थालेको छ। सत्तरी प्रतिशत तामाङ जातिको बसोबास रहेको कोन्ज्योसोम गाउँपालिकाका अध्यक्ष कृष्णमान लामाले आफूहरुले जारी गरेको 'कोन्ज्योसोम गाउँपालिका शिक्षा ऐन, २०७९', 'कोन्ज्योसोम गाउँपालिकाको बाल अधिकार तथा संरक्षण कार्यविधि, २०८०' जस्ता नीतिगत व्यवस्थाले बालमैत्री विद्यालय निर्माण र बालअधिकारको संरक्षणमा सकारात्मक सन्देश प्रवाह भएको बताए।

अध्यक्ष लामाले शैक्षिक सुधारका लागि विद्यालयमा आधारित स्वास्थ्य शिक्षा कार्यक्रम, गाउँ शिक्षा योजना तर्जुमाका लागि वडास्तरीय सुझाव सङ्कलन, प्रधानाध्यापकहरुको नियमित बैठकजस्ता काम भइरहेको जानकारी दिए। गाउँपालिकाका बालकल्याण अधिकारी सपना तामाङले बालअधिकार समिति गठन र नियमित बैठक र सरोकार भएकाहरुको क्षमता अभिवृद्धि आदि कार्यक्रम सञ्चालनबाट विगतको तुलामा बालअधिकार संरक्षणमा प्रगति भएको जानकारी दिए। गाउँपालिकामा कूल १७ विद्यालय, एक हजार ८ सय १५ विद्यार्थी र १ सय ८३ शिक्षक छन्।

सडक बालबालिका, बाल श्रमजस्ता समस्या हाल गाउँपालिका नरहे पनि बाल विवाहको भने पूर्ण अन्त्य हुन नसकेको बताउँदै तामाङले जोखिममा परेका र आमाबुबाविहीन बालबालिकाको संरक्षणमा गाउँपालिकाले गैरसरकारी संस्थाहरुको समेत सहकार्यमा काम भइरहेको तामाङले बताए। कोञ्ज्योसोमका विद्यालयहरूमा सञ्चालन भइरहेका कार्यक्रममार्फत विद्यालय सुधार योजनामा बाल संरक्षण, लैङ्गिक समानता, समावेशी शिक्षा, सुरक्षित सिकाइ वातावरण तथा बाल सहभागिताका विषयलाई प्राथमिकताका साथ समावेश गर्न सहजीकरण भएको छ। यसले विद्यालयलाई बालमैत्री मापदण्डअनुसार सञ्चालन गर्न सहज बनाएको छ।

गाउँपालिका–५ भारदेउस्थित बालेश्वरी माध्यमिक विद्यालयका प्रधानाध्यापक प्रेमप्रकाश भट्टराईले नियमित पढाइका साथै समय समयमा बालक्लबको आयोजनामा हुने अतिरिक्त क्रियाकलापले विद्यार्थीमा प्रतियोगी भावना विकास भएको बताए। उनले दुई वर्षअघिको पालिकास्तरीय राष्ट्रपति रनिङशील्डमा आफ्नो विद्यालयका विद्यार्थीहरु प्रथम भएको जनाउँदै अभिभावक सचेतना पनि बढेको जनाए।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सूर्यनारायण श्रेष्ठले शिक्षकहरुको सक्रियतामा हाल कक्षा ८, ९ र १० का लागि अतिरिक्त कक्षासमेत दिन थालिएको र पढाइको नियमितता र विद्यार्थीहरुको समग्र प्रगतिबारे ध्यान दिनु आफूहरुको पनि दायित्व भएको बुझाइ अभिभावकमा बढेको◌ बताए। सोही विद्यालयका बालक्लबका कोषाध्यक्ष शुकराज तामाङले विद्यालयमा आफूहरुले हाजिरीजवाफ प्रतियोगितालगायत अतिरिक्त क्रियाकलाप, सरसफाइलगायत काम गर्ने गरिएको बताए।

गाउँपालिका–४ नल्लुस्थित गुप्तेश्वर माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापक दीपकप्रसाद तिमिल्सिनाले बालमैत्री विद्यालय निर्माण र गुणस्तरीय सिकाइमा समसापेक्ष सुधार हुँदै आएको बताउँदै बालमैत्री शिक्षण र भयरहित सिकाइका लागि शिक्षकहरु तालिम प्राप्त रहेको जनाए। सोही विद्यालयका बालक्लबका सचिव सुस्मिता घलानले आफूहरुले नियमित पढाइका साथै सरसफाइ, वृक्षरोपण, चित्रकला, हस्तलेखनकला, 'मेमोरी टेष्ट'जस्ता अतिरिक्त क्रियाकलाप गर्दा पढाइमा सहयोग मिलेको बताए।

पछिल्लो समयमा गाउँपालिकाको सहकार्यमा 'युवालय' संस्थाले यहाँका आठ सामुदायिक विद्यालयमा बालमैत्री शिक्षण विधिको प्रयोग बढाउँदै र विद्यालय सुधार योजना बनाउन सहयोग गर्ने लक्ष्यका साथ कार्यक्रम सञ्चालन गर्दै आएको छ। पालिकाको सरस्वती माध्यमिक विद्यालय, मगरगाउँ माध्यमिक विद्यालय, बाघभैरव माध्यमिक विद्यालय, गुप्तेश्वरी माध्यमिक विद्यालय, बालेश्वरी माध्यमिक विद्यालय, गोठभञ्ज्याङ माध्यमिक विद्यालय, ज्ञानोदय आधारभूत विद्यालय र वनस्पति आधारभूत विद्यालयमा कार्यक्रम सञ्चालन भएका हुन्। 'युवालय' का वरिष्ठ कार्यक्रम व्यवस्थापक राजेन्द्र महर्जनले पछिल्लो समयका अभियानबाट गाउँपालिकका विदालयमा बालमैत्री स्थानीय शासन कार्यान्वयनमा टेवा पुग्नुका साथै बालअधिकार समितिको क्षमता अभिवृद्धि हुन थालेको जनाए।

यस्तै गलत सामाजिक मूल्य–मान्यताबारे बालबालिका सचेत भई बालक्लबमार्फत विभिन्न चेतनामूललक कार्यक्रम भइरहेको महर्जनले बताए। उनले शिक्षकहरूको क्षमता विकाससहित उनीहरूमा आफ्ना विद्यार्थीप्रति सहयोगी भाव जागेको जनाए। बालबालिकालाई विद्यालयमा हुने कुनै पनि हिंसाबाट आफूलाई जोगाउन आफ्नो अधिकारको प्रयोग गर्न उनीहरूलाई सशक्त बनाउन बालक्लबहरुका कार्यक्रमले सघाएका छन्। सोही संस्थाका कार्यक्रम संयोजक अविनाश कार्कीका अनुसार सुरक्षित सिकाइ वातावरणका लागि विद्यालय र समुदायमा बाल संरक्षण प्रणाली स्थापना, बालक्लब गठन, सञ्चालनमा सहजीकरणसहित सुधारका काम भइरहेको छ। विद्यालयका गुनासो पेटीका सुनुवाइ समिति सक्रिय हुन थालेको छ।

अनुसन्धानकर्ता तथा अभियन्ता सञ्जीव अधिकारीले २०७२ सालमा कक्षा १ मा भर्ना भएकामध्ये २०८२ सालको माध्यमिक शिक्षा परीक्षा (एसइई) मा ६९ प्रतिशत विद्यार्थी मात्रै सहभागी हुनुले विद्यार्थीहरुबीचमै कक्षा छाड्ने प्रवृत्ति अझै गम्भीर समस्यामा रहेकाले शिक्षक र अभिभावक सक्रिय नभएसम्म विद्यार्थीको गुणस्तरीय सिकाइ सम्भव नहुने धारणा राख्छन्। 'बीचमै कक्षा छाडिनुलाई शैक्षिक विपद्को संज्ञासहित पूर्वसूचना प्रणाली अपनाएर कुन विद्यार्थी कसरी पढिरहेका छन् या छैनन् भन्ने अनुगमन गरेर तथ्याङ्कीय विश्लेषण गर्नुपर्छ। एक विद्यालय एक बालक्लबको नीतिलाई अनिवार्य लागू गर्नुपर्छ। बालअधिकार समितिलाई सक्रिय बनाउनुपर्छ,' अधिकारीले भने, 'कक्षामा नियमित नहुने, उपस्थित भएर पनि पढाइमा ध्यान नदिने र कक्षा छाड्नसक्ने विद्यार्थीलाई शिक्षक, अभिभावक, समुदाय र स्थानीय तहको प्रयासमा विशेष उपचारात्मक कार्य गरेर विद्यालयमा उनीहरुलाई टिकाउन, सिकाउन र विकाउन शिक्षकमा लगानी वृद्धिसहित स्थानीय सरकार, अभिभावक र समुदाय सबै गुणस्तर वृद्धिमा लाग्नुपर्छ।'

# आक्रोशको दुस्साहसः 'पुर्कोट दह टु पेन्टिङ'

–कुम्भराज राई/रासस

पुल्चोकको आकासेपुलदेखि झम्सीखेलतिर लाग्नुस्। ठ्याक्कै ४८५ मिटर अगाडि सडकको बायाँतर्फ छ, 'हङ्ग्री आइ आर्ट स्टुडियो'। दुई ससाना सटरका भित्र र बाहिर टाँगिएका छन्, पेन्टिङ। स्टुडियोमा तपाईंलाई स्वागत गर्न हँसिलो अनुहारसहित एक जना तम्तयार देखिन्छन्। औसत कद, गहुँगोरो वर्ण, डोलो मुहार, चिम्सा आँखा, बायाँतिर लर्केको जुल्फी। स्टुडियोमा भेटिनुहुने हँसिला व्यक्ति आक्रोश थापा मगरको औसत हुलिया यही हो।

नाम र हुलियाको तालमेल मिल्दैन। स्टुडियोका पेन्टिङमा पनि विद्रोह भाव देखिन्न। अझ यहाँ आक्रोशका पेन्टिङ थोरै छन्। बरु देखिन्छ, वीरेन्द्रप्रताप सिंह, शशिविक्रम शाह, वत्सगोपाल वैद्य, किरण मानन्धर, कृष्ण मानन्धरजस्ता थुप्रै वरिष्ठ कलाकारका पेन्टिङहरू। कुलीन वर्गले मात्र खरिद गर्नसक्ने आङछिरिङ शेर्पाका पेन्टिङका सक्कल र प्रतिलिपि पनि यहाँ छन्।

'तपाईंको नाम र स्वभाव त मिलेन नि, कसरी नाम आक्रोश भयो ?,' स्टुडियोको अघिल्तिरको फिल्स रेस्टुरेन्टमा केही दिनअघि खरबुजाको चिसो जुसको पहिलो घुट्की निलेपछि लेखकले ठट्यौली शैलीमा प्रश्न सोध्दा उनको खित्का छुट्यो। 'यसको कथा लामो छ,' खासै जवाफ आएन। दोहोर्याएर सोधेँ, 'भनेपछि बुबाआमाले राखेको नाम हैन यो,' फेरि हाँसेरै टारे। 'तपाईं सानो हुँदाको खास नाम के थियो ?,' थोरै सुस्ताउँदै प्रत्युत्तर आयो, 'मैले नै बिर्सिसकेँ।' थप सोध्ने धृष्टता गरिनँ।

आक्रोशको स्थायी थातथलो गुल्मीको मदाने गाउँपालिका–६, पुर्कोट दह हो। घरको कान्छो छोरो, एक दाजु र दुई दिदीमुनिका भाइ। कान्छो भएकैले घरमा अतिरिक्त माया पाउनु नौलो विषय रहेन। बुबा नेपाल प्रहरीको जागिरे। आक्रोशलाई भने स्कुले उमेरमै आफूभन्दा जेठोपाकोका किताबमा ध्यान जाने। त्यतिबेला गाउँमा धर्मग्रन्थ र कम्युनिष्ट विचारका किताब प्रशस्त पाइने। भेटेजतिका किताबका पत्रपत्र उधिन्ने आक्रोशको बानी थियो। इतिहासका पुस्तकमा उस्तै रुचि। 'तीन–चार कक्षा पढ्दा नै नेपाल एकीकरणदेखि राजाहरूका इतिहास कण्ठस्थ थियो,' स्मृतिका थैली फुकाउँदै उनले भने, 'कुन मितिमा, को राजा थिए, कहाँ लडाईँ भएको थियो, मुखाग्रै हुन्थ्यो।'

सङ्गीतप्रतिको मोह भनी नसक्नु। स्कुले उमेरमै गायक बन्ने रहर। प्रवेशिका उत्तीर्ण गरेपछि सङ्गीत पढ्ने र सिक्ने रहरको पन्तुरो बोकेर २३ वर्षअघि उन सपनाको सहर काठमाडौँ आई पुगे। गाउँबाट आउनेका लागि चर्चित थियो, आरआर क्याम्पस। त्यहाँ सङ्गीत पनि पढाइ हुने भएपछि आक्रोशलाई अरु क्याम्पसले आकर्षित गर्ने कुरै थिएन। 'तर सोचेजस्तो भएन, गाउँका दाइहरूले सङ्गीत पढ्न सक्दैनस्, यदि पढिस भनेपनि त्यो पढेर काम छैन भने,' उनले स्मृतिका पत्र केलाउँदै भने, 'मलाई भने सङ्गीत पढ्नु नै थियो।'

त्यति नै बेला केही साथीले सुझाव दिए, 'सङ्गीत पढ्ने भए ललितकला क्याम्पस जानु।' अहो ! ललितकला क्याम्पस पुग्दा पो आक्रोशका आँखा खुले। क्याम्पसको भूईँतलामै विद्यार्थीहरू ठूल्ठूला क्यान्भासमा रङ पोतिरहेका थिए। 'बाहिर सङ्गीतप्रतिको आकर्षण देखिएपनि मेरो अवचेतन मनभित्र त पेन्टिङप्रति पो लगाव रहेछ,' उनले भने, 'चित्रकलाबारे पनि पढाइ हुन्छ भन्ने मलाई थाहै थिएन। मैले तत्काल सङ्गीत छोडेर चित्रकला पढ्ने निधो गरेँ। संयोग कस्तो भने फर्म भर्ने अन्तिम दिन थियो त्यो।' अनि ललितकला क्याम्पसबाटै स्नातक र कीर्तिपुरस्थित केन्द्रीय ललितकला विभागबाट स्नातकोत्तर गरे। हाल त्रिविबाटै विद्यावारिधिका लागि शोधार्थीका रूपमा अध्ययनरत छन्।

स्नातकोत्तर तहसम्म उनले पश्चिमा चित्रकलाबारे ज्ञान आर्जन गरे। अलिअलि काठमाडौँका नेवारी कला, तिब्बतीयन कलाका रूपमा परिचित थाङ्का र केही मिथिला कलाबारे थाहा भयो। आक्रोशलाई लाग्थ्यो, पश्चिमा मुलुकका चित्रकला संसारकै उत्कृष्ट हो तर जब उनी भूईँमान्छेका कथा चित्रमा उतार्न मुलुकका ग्रामीण भेग पुगे। त्यसपछि नेपालमा कहिल्यै चर्चामा नआएका आदिवासी कलाका बारेमा थाहा भयो। कर्णाली क्षेत्रमा सयौँवर्ष पुराना त्यस्ता कला रहेछन्।

सन् १९३० को दशकमै इटालीका लेखक तथा प्राच्यविद् जुजेप्पे तुच्ची नेपाल आएका थिए। उनले सन् १९२९ देखि ३३ बीचमा पश्चिम नेपालको इतिहास र कलाका बारेमा अध्ययन गरेका थिए। तुच्चीले कर्णालीतिरका राजाहरूका इतिहास खोज्ने क्रममा त्यहाँका कलाहरू देखेपछि अभिलेख गरेका थिए। 'म अहिले त्यही कर्णाली र पश्चिम नेपालका कलाहरू खोज्ने र अध्ययन गर्ने काममा छु,' आफ्नो असली नियत कहँदै आक्रोशले भने, 'हाम्रो देशका त्यस्ता धेरै कलाहरू युरोप पुगिसके। त्यहाँका आदिवासी सङ्ग्रहालयमा ती कला देख्न पाइन्छ।'

उनका अनुसार त्यस्ता कला कुनै कलाकारले बनाएको हैन। त्यो त संस्कृतिले निर्माण गरेको हो। आक्रोशको विचारमा कलाकारले बनाएको भन्दा सक्कली कला हो त्यो। पाब्लो पिकासोले बनाएका चित्रहरू पनि अफ्रिकन मुखुन्डो र कलाबाट प्रेरित थिए। सोही प्रकृतिका कला सयौँ वर्षअघि नेपालमा पाइन्थ्यो। 'त्यस्ता कतिपय धातुका मुखुन्डो मेरो सङ्कलनमा पनि छन्,' आफ्ना अध्ययनबारे थप खुल्नुभयो, 'युरोपियन कलाकारहरू जसलाई आदिवासी कलाबारे राम्रो ज्ञान छ। उनीहरूका पुस्तक, लेख र कुराकानीमार्फत ती कलाका सम्बन्ध खोजिरहेको छु।'

त्यसक्षेत्रका कला हालको इरान अर्थात पर्सियाली सभ्यतासम्मै पुगेर जोडिने उनको दाबी छ। यी विषयमा केही विद्वानले फ्रेन्च र इटाली भाषामा शोधपत्र लेखेका छन्। आक्रोशका अनुसार किराती सभ्यता र संस्कृतिसँग जोडिएका कलाहरूबारे पनि युरोपका लेखकले लेखेका छन्। किराती कलामा पनि मुखुन्डोको प्रयोगबारे व्यापकता थियो तर धेरै किराती संस्कृति र इतिहास अध्येतालाई यसबारे थाहा छैन।

'खासमा वास्तविक कला ती हुन्, त्यो बनाउँछु भनेर बनेका होइन, काम गर्दागर्दै बनेका हुन्। जस्तैः कुनै पूजा गर्दा केही रेखाहरू तान्नुपर्यो, भूतप्रेत मन्साउँदा केही वस्तु बनाएर राख्नुपर्यो, त्यसरी नै काम गर्दागर्दै बनेका कलाहरू हुन्,' त्यस्ता कलाबारे उनले थप प्रष्ट पार्नुभयो, 'त्यतिबेलाका धातुका कला अहिलेको भन्दा कैयौँ गुणा राम्रा थिए।'

उनको विचारमा आदिवासी कला वास्तविक कला हो, त्यो जसले बनाए, त्यसमा कलाको जिउ ज्यान नै हालेको छ वा भनौँ आत्मा नै हालेर बनाएको छ। त्यस्ता कला देख्दा आफ्नोमात्र नभई कतिपय हस्तीहरूको कला नै फिक्का लाग्छ रे उनलाई। आक्रोशले जाजरकोटतिरबाट निस्किएका धातु कलाबारे अध्ययन गर्ने क्रममा त्यहाँ प्राय फलामका कला धेरै भेटिएको उल्लेख गरे। त्यतिखेर फलाम सस्तो थियो। नेपालमा धातुका खानी धेरै थिए। फलामका कलाहरू विश्वकर्मा र लोहारले बनाएको भेटिन्छन्।

### कलामा विद्रोह चेत

आक्रोशको खास विधा समसामयिक कला नै हो। प्रदर्शनीमा उनका कला खासै नदेखिए पनि उनको कलाबारे जानकारलाई दर्शकलाई राम्रोसँग थाहा छ। केही महिनाअघि मात्रै ललितकला एकेडेमीले प्रदर्शन गरेको प्रादेशिक कला प्रदर्शनीमा राखिएको आक्रोशको एक तस्बिर त्यसका लागि पर्याप्त थियो। उनी बालबालिकासँग सम्बन्धित विषय क्यानभ्यासमा पोत्न रुचाउनुहुन्छ। स्कुल जान गाउँका विपन्न बालबालिकाले गर्ने सङ्घर्षमाथि रङ पोत्दा उनलाई सन्तुष्टी मिल्छ। 'आफैँ बच्चा छ, उसले आफ्ना भाइबहिनी पनि बोकेर विद्यालय गइरहेको देख्दा साह्रै भावुक हुन्छु। त्यही 'सिरिज'मा काम गरिरहको छु,' उनले भने।

आक्रोश पहिलेदेखि क्रान्तिकारी विचारधारा र कम्युनिष्टका किताबबाट प्रभावित थिए। सशस्त्र सङ्घर्षताका लडाइसँग सम्बन्धित चित्र मात्रै कोर्नुभयो। 'अहिले पनि कतिपय विषयबारे चित्तै बुझ्दैन, जस्तै एउटा आमाले बच्चाको लागि ठेलागाडा ठेलिरहेको हुन्छ। त्यसमाथि पनि ती आमाले अनेक अवरोधसँग जुध्नुपर्छ। तराई मूलका बालबालिका दरबारमार्गतिर बिहान बेलुकी खेलौना बेचेर दिउँसो स्कुल जाने रहेछन्। त्यस्ता कुराले मलाई छुन्छ,' उनले भने, 'तिनै कुरालाई चित्रमा उतार्छु।'

उनी हाल रुकुम, रोल्पाका विभिन्न कथामा चित्र कोरिरहनुभएको छ। जता पुगे पनि आक्रोशलाई एउटै कुराले बिझाइरहन्छ रे, 'जताबाट पनि थिचिने तल्लो वर्ग नै रहेछ, चाहे राज्य होस या विद्रोही पक्ष।' आक्रोशसँग धेरै योजना छन्, तर लगानी छैन। गर्दै जाँदा उनलाई थाहा भयो कि इतिहास, मानवशास्त्र अध्ययनका काम 'लक्जरियस' रहेछ। पुरातत्वको काम त झनै खर्चिलो।

भारत जस्तो मुलुकले त मोहन्जेदाडो जस्ता स्थलको उत्खनन् गर्न नसकेको अवस्थामा नेपालको तुलना गर्नै नसकिने उन बताउनुहुन्छ। कुनैबेला आक्रोशलाई रक्तिम सांस्कृतिक परिवारको गीत खुब मन पर्‍यो। जीवन शर्माका गीत गाउँदै हिँडेका सम्झना मानसपटलमा ताजै छन्। यसले पनि पुष्टि गर्छ कि 'आक्रोश' उनको दोस्रो नाम हो।

### नेपालमा पेन्टिङको बजार

आक्रोश आफ्नोसँगै अरु कलाकारका पेन्टिङ पनि बेच्छन्। उनले बेच्ने सक्कली पेन्टिङहरूमा लैनसिंह वाङदेल, लक्ष्मण श्रेष्ठजस्ता कलाकारका समेत छन्। लक्ष्मण श्रेष्ठका पेन्टिङ रतन टाटाका घरदेखि, ताज होटलमा सजाइएका छन्। आक्रोशले थाहा पाउँदा नै श्रेष्ठका एउटा पेन्टिङको मूल्य दुई करोड रुपैयाँसम्म थियो।

'हिजोआज म कलाकारभन्दा बढी कलाप्रेमी भा'को छु,' सुन्तलाको जुस सुरुप्प पार्दै उनी मुस्कुराए। उनीसँग चित्रकार समुदायले एक सय वर्षअघि कोरेको परम्परागत चित्र पनि छ। आक्रोशले पेन्टिङ बेचेर प्राप्त गरेको अर्थ धातुका कला अध्ययनमा खर्चिरहनु भएको छ। सबैभन्दा दुःखको कुरा त नेपालमा पेन्टिङको बजार छैन। त्यही बजार बनाउन उन घोटिनुभएको छ। नेपालमा पेन्टिङको बजार विस्तार हुन अझै केही दशक लाग्ने अनुमान छ, उनको।

नेपालका कतिपय वरिष्ठ कलाकारहरूको अवस्था दयनीय छ। कतिले त आत्महत्या नै गरेका छन्। व्यवसायिक रूपमा चित्र कोर्नेहरू वा निरन्तरता दिनेहरू सहरका कुलीन वर्गका मात्र छन्। यसको अर्थ कलाकारिता पनि 'अर्थ'सँगै जोडिन्छ।

कुनैबेला जङ्गबहादुर राणाले आफ्नो 'पोट्रेट' बनाउन कलाकार लिएर बेलायत भ्रमणमा गएका थिए। उतैबाट कलाकार ल्याएर यहाँ मूर्तिहरू बनाउन लगाए। अहिले टुँडिखेलको छेउछेउमा उभिएका मूर्ति तिनै हुन्। ती मूर्तिहरू त्यतिखेरका विश्वप्रसिद्ध कलाकारले बनाएका थिए। 'नेपालमा पो त्यसको महत्व थाहा नभएर हो, युरोप लैजाने हो भने अझै यो करोडौँ पर्छ,' उनले भने। आक्रोश सन् २०१९ मा सार्कस्तरीय चित्रकला प्रदर्शनीमा नेपालको प्रतिनिधित्व गर्दै माल्दिभ्स पुग्नुभएको थियो। उन कलाक्षेत्रमा आफ्नो प्रचार खासै रुचाउनुहुन्न। आक्रोशको मुख्य उद्देश्य कलाकार र कलाप्रेमीबीच पुलको रूपमा काम गरौँ भन्ने छ।

गुल्मीको पुर्कोट दहदेखि सङ्गीत सिक्ने सपना बोकेर सहर छिरेका उनीलाई आफू कलाकारितामा लागेको सम्झिँदा कहिलेकाहीँ ठूलै दुस्साहस गरेको महसुस हुन्छ। 'यो वर्गीय रूपमा पनि मेरो हैसियतले भ्याउने क्षेत्र हैन,' कुराकानीको बिट मार्ने क्रममा उनले भने, 'कहिलेकाहीँ पहाडका कुनाकन्दरा हिँड्दा ढुङ्गाको पहरामा पीपलको बोट पलाएको देख्छु। त्यसले प्रेरणा त दिन्छ नै, त्यही दुस्साहसी पीपलसँग आफूलाई पनि तुलना गर्छु।'

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक रासस्को नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# दुई वटा विधेयक दफावार छलफलका लागि समितिमा पठाइयो

**काठमाडौं ।**
प्रतिनिधिसभाले दुई वटा विधेयकलाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाएको छ । 'नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउने सम्बन्धी विधेयक, २०८३' र 'राष्ट्रिय सेवा दल विधेयक, २०८३' लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइएको हो ।



मंगलवारको प्रतिनिधि सभा बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले उक्त विधेयकहरूलाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भनी प्रश्ताव प्रस्तुत गरेकी थिइन् । मन्त्री गौतमले शुरुमा 'नेपाल विशेष सेवा ऐन, २०४२ को साबिकको व्यवस्था जगाउने सम्बन्धी विधेयक, २०८३' लाई दफावार छलफलका लागि समितिमा पठाउन प्रस्ताव गरिन् ।
सभामुखले उक्त प्रश्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सदनले सर्वसम्मतिले स्वीकृत गरेको हो । त्यसैगरी, प्रधानमन्त्री बालेन्द्र साहको तर्फबाट मन्त्री गौतमले नै 'राष्ट्रिय सेवा दल विधेयक, २०८३' लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने अर्को प्रश्ताव प्रश्तुत गरिन् । उक्त प्रश्ताव पनि बैठकले सर्वसम्मतिले पारित गरेको छ । रासस

# रासायनिक मलको आपूर्ति सहज बनाउन सांसदको माग

**काठमाडौँ ।**
प्रतिनिधिसभाका सांसदहरूले मुलुकका समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् । प्रतिनिधिसभाको मंगलबारको बैठकको विशेष समयमा सांसदहरूले समयमै रासायनिक मल उपलब्ध गराउनुपर्ने, सुकुम्वासीका समस्या समाधान गर्नुपर्ने, विपत्को पूर्व तयारीलगायतका विषयमा सरकारको ध्यानाकर्षण गराएका हुन । बैठकमा सांसद सन्दीप रानाले भने,मल नपाएर हाहाकार भएको छ, रेबिज र क्यान्सरका बिरामी उपचार नपाएर अलपत्र छन्, बालबालिका कुपोषणका सिकार भएका छन्, युवाहरू विदेश पलायन भएका छन् । यसमा सरकारको ध्यान जाओस् ।



सांसद अर्जुनकुमार कार्कीले लोकतन्त्रका लागि लडेका प्रतिपक्ष र सत्तापक्ष दुवैले कानुन र विधिलाई आत्मसाथ गर्नुपर्ने बताए । सांसद गोपाल शर्माले सरकारले जनअपेक्षा अनुसार काम गर्न नसकेको टिप्पणी गर्नुभयो । सांसद आरेन राइले सरकारले सुकुम्वासी समस्या दीर्घकालीन रूपमा समाधान गर्नुपर्ने माग गरे । सांसद खुश्बु ओलीले कीर्तिपुरको जलन अस्पताललाई व्यवस्थित र सुविधा सम्पन्न बनाउनुपर्ने बताइन । सांसद राजकिशोर महतोले मुलुकलाई आत्मनिर्भर बनाउन हर्बल सामाग्रीको बजारीकरण गर्न सरकारको ध्यानाकर्षण गराए । सांसद रिना उप्रेतीले सोमबार सञ्चार गृहका प्रवेशद्वार अगाडी गाडी पार्किङ गरिएको घटनाको निष्पक्ष रूपमा छानवीन गर्न सरकार समक्ष माग गरिन । सांसद विष्णुमाया विकले सरकार जनताप्रति जबाफदेही हुनुपर्ने बताइन । सांसद गणेशबहादुर विश्वकर्माले सरकारले सय दिनको अवधिमा गरेका काम उल्लेखनीय भए पनि अझै जनअपेक्षा अनुसार काम गर्न बाँकी रहेको बताए ।
सांसद पुकार बमले बुढानीलकण्ठ क्षेत्र पहिरोको जोखिममा रहेको उल्लेख गर्दै दीर्घकालीन सुरक्षाको नीति अपनाउन सरकारसँग आग्रह गरे । सांसद एसुदाकुमारी बरालले पछिल्ला दिनमा देशका विभिन्न स्थानमा बाढी÷पहिरोबाट जनधनको क्षति भएकाले प्रभावितको उद्धारका साथै राहत उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराइन । सांसद कृष्णहरि बुढाथोकीले भने, कुन कुन सडक सञ्चालनमा छन्, कुन सडकमा पहिरो गएको छ, कुन ठाउँमा पुल र सडक खण्ड असुरक्षित छ, कुन मार्गमा सवारीसाधन सञ्चालन गर्न उपयुक्त छ, त्यसबारे सरकारले समयमै जानकारी दिने व्यवस्था मिलाउनुपर्छ ।
सांसद खगेन्द्र सुनारले जातीय विभेद र हिंसाका घटनाबारे सरकारको ध्यान जाओस् भने । सांसदहरू लिमा अधिकारी आचार्य, गणेश कार्की, समीक्षा बाँस्कोटा, गणेश पौड्याल र बशुमाया तामाङ, झविलाल डुम्रे, श्रीधर पोखरेल, सुशान्त वैदिक, हरिप्रसाद भुषाल, जनकसिंह धामी, यज्ञमणि न्यौपानेलगायतले मुलुकका समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका थिए । रासस

# विद्युतीय राहदानी छपाइ सम्बन्धमा संसदीय समितिमा विस्तृत छलफल माग

**काठमाडौँ ।**
विद्युतीय राहदानी छपाइ सम्बन्धमा संसदीय समितिमा विस्तृत छलफल गर्नुपर्नेमा जोड दिइएको छ । सार्वजनिक लेखा समितिको आजको बैठकमा सांसदहरूले जनतासँग सम्बन्धित सार्वजनिक महत्त्वका विषयमा प्रश्न उठेपछि सरोकार भएकाहरूलाई बोलाएर छलफल गरिनुपर्नेमा जोड दिएका हुन् ।



साथै, केही सांसदले भने अदालतमा रहेको विषयमा छलफल गर्न नहुने धारणा राखे ।
बैठकमा सांसदहरू वर्षमान पुन, क्रान्तिशिखा धिताल, महेन्द्रबहादुर शाही, खुस्बु ओलीलगायतले राहदानी छपाइका विषयमा विचार राखेका थिए । राहदानी छपाइका विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि उजुरी परी यो विषयमा समस्या छ भन्ने निष्कर्ष निकालेको, राहदानी छपाइका विषयमा अनियमितता छ भन्ने भएको तर कति छ भन्ने मात्र प्रतीक्षाको विषय बनेकामा सांसदहरूले सरोकार भएका निकायको ध्यानाकर्षण गराएका थिए ।
समितिका सभापति भरतबहादुर खड्काले मंगलबारको बैठकमा सांसदको सल्लाह सुझाव आएकाले राहदानी छपाइका विषयमा अदालतको फैसला आएपछि समितिले के गर्ने भनी निर्णय गर्ने बताए । रासस

# त्रासरहित पत्रकारिता गर्ने वातावरण मिलाउन सरकार समक्ष सचेतक परियारको आग्रह

**काठमाडौँ ।**
सांसद एवं राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सचेतक प्रकाशचन्द्र परियारले पत्रकारिता लोकतन्त्रको मेरुदण्ड भएको उल्लेख गर्दै पत्रकार र सञ्चार गृहलाई त्रासरहित वातावरणमा काम गर्न पाउने सुरक्षाको प्रत्याभूति गर्न सरकार समक्ष माग गरेका छन् ।
प्रतिनिधिसभाको मंगलबारको विशेष समयमा बोल्दै सचेतक परियारले आफ्नो दल सधैँ लोकतन्त्र, विधिको शासन र पूर्ण प्रेस स्वतन्त्रताको पक्षमा चट्टान जस्तै उभिएको प्रष्ट पारेका छन् । उनले प्रेस स्वतन्त्रताको प्रतिरक्षाका रूपमा आफ्नो दल उभिएको भए पनि प्रेसले जिम्मेवार पत्रकारिताको भूमिका निवार्ह गर्नुपर्नेमा जोड दिएका छन् । रासस

# 'हेलो पूर्वाधार'मा भुक्तानीको माग गर्दै आउँछन् धेरै गुनासोः मन्त्री लम्साल

**काठमाडौं ।**
पूर्वाधार विकासमन्त्री सुनिल लम्साललले 'हेलो सरकार' र 'हेलो पूर्वाधार'मा वडा कार्यालय, स्थानीय सरकार र प्रदेश सरकारबाट प्राप्त गर्नुपर्ने भुक्तानी नपाएको भन्दै ९० प्रतिशतभन्दा धेरै गुनासो आउने गरेको बताए । प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांसदहरूले आकस्मिक, शून्य र विशेष समयमा उठाएका जिज्ञासाको उत्तर दिँदै मन्त्री लम्साललले ठेकेदार कम्पनीले पनि भेण्डर (आपूर्तिकर्ता) र कामदारलाई भुक्तानी नदिएको विषयमा पनि धेरै गुनासा आउने गरेको स्पष्ट पारे । कन्स्ट्रयाक्टरले पनि भेण्डर र श्रमिकहरूलाई भुक्तानी नदिएको विषयमा पनि पर्याप्त गुनासा आउने गरेका छन् । कन्ट्र्याक्टरले भुक्तानी नदिएको खण्डमा आत्मदाह गर्नेसम्मको धम्की हामीसमक्ष आउने गरेका छन्, उनले भने । मन्त्री लम्साललले सरकारले सार्वजनिक खरिद ऐन संशोधन गरेर निर्माण क्षेत्रमा देखिएका विकृति र विसङ्गतिको अन्त्य गर्न खोजेको स्पष्ट पारे ।
विगत आठ वर्षमा १९ हजारबाट ३२ हजार निर्माण व्यवसायी थपिएका छन् । निर्माण व्यवसायीमा ज्ञानको अभाव र निकै कम बोलकबोल गर्ने समस्या यथावत् नै छ, उनले भने, न्यून रकममा बोलकबोल गर्नाले अर्थतन्त्रमा ठूलो नोक्सानी देखिएको छ । जसको कारणले न्यून तलबभत्ता, मूल्यवृद्धिको अनुपातमा तलब पनि नबढेको देखिन्छ । मन्त्री लम्साललले निर्माण व्यवसायीले पनि विभिन्न आपूर्तिकर्ताहरूलाई नियमित भुक्तानी गर्न नसक्दा डुब्ने अवस्थामा आइपुगेको बताए । मन्त्री लम्साललले निर्माण व्यवसायी सप्लायर्स र परार्शदाता र सेवाग्राहीले पनि अतिरिक्त पैसा नदिनका लागि आह्वान गर्नुभएको छ । त्यसले तपाईंहरूलाई नै डुबाउँछ, कसैले माग्यो भने वा दिनुभयो भने भ्रष्टाचार कहिल्यै पनि सकिँदैन, उनले भने ।



- **आत्मदाहको घटनाले सरकारको ध्यानाकर्षण**

मन्त्री लम्साललले फरक प्रसङ्गमा केही दिनअघिको आत्मदाहको घटनाले नेपाल सरकारको गम्भीर ध्यानाकर्षण भएको बताए । यस्तो अवस्था कुनै 'ट्रिगरिङ पोइन्ट'ले हुने गर्छ । तर, त्यसका पछाडि ठूलो र लामो कथा लुकेको हुन्छ, उनले भने, यो एउटा प्रतिनिधिमूलक घटना हो । यसका पछाडिका कारण धेरै हुनसक्छन् जस्तै आर्थिक अवस्था, न्याय नपाएको अवस्था, समाजिक विकृति आदिले गर्दा हुन्छ ।

- **महानगर प्रहरीलाई सान्त्वना**

मन्त्री लम्साललले काठमाडौँ महानगरको नगर प्रहरीहरूलाई मनोबल नघटाउन आह्वान गरे । हजुरहरूको कारणले गर्दा कयौँ एम्बुलेन्स छिटो अस्पताल पुग्ने गरेका छन्, कयौँको ज्यान बचाउनुभएको छ, उनले भने, आफ्नो जिम्मेवारी राम्रोसँग पूरा गर्नुहोला । मन्त्री लम्साललले परिवर्तन हुन केही समय लाग्ने भएकाले पनि आशावादी रहनका लागि नगर प्रहरीलाई आग्रह गरे । रासस

# प्रतिनिधिसभाको शून्य समयः समसामयिक विषयमा ध्यानाकर्षण

**काठमाडौं ।**
प्रतिनिधिसभाको बैठकको शून्य समयमा भाग लिनुहुने सांसदहरूले निर्वाचन क्षेत्रसँग सम्बन्धित घटाक्रमसहित समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएको छ । सांसद बुद्धिप्रसाद पन्तले पथलैया–वीरगन्ज करिडोरमा सञ्चालित उद्योगबाट निस्केका फोहरमैला सिर्सिया नदीमा सोझै मिलाउँदा नदी प्रदुषित भएकामा तीनवटै सरकार गम्भीर नभएको भनी दुःख व्यक्त गरेका छन् ।
उनले भने, सिर्सिया नदी सरसफाइ र संरक्षणको विषयमा सङ्घ, प्रदेश र स्थानीय सरकारले घोषणापत्रमा चुनावी नारा समेट्नुबाहेक केही काम गरेनन् । सो नदीमा फोहर पानी मिसाउने काम रोकिनुपर्यो । धार्मिक महत्व बोकेको सिर्सिया नदीको संरक्षणमा सम्बद्ध सबैसँग अनुरोध छ । सांसद बलावती शर्माले सुकुमवासी समस्या र गणेश नेपालीको आत्मदाहपछि मृत्यु भएको घटनालाई विषयान्तर नगरी गम्भीर रूपमा लिनुपर्ने धारणा व्यक्त गरेका छन् ।
सांसद वासना थापाले रोजगारीका क्रममा विदेश गई सन् २०२५ देखि बेपत्ता भएका दैलेख जिल्लाका ढुङ्गेश्वरी गाउँपालिका–२ लाकुरीका स्थानीय युवा प्रकाश विष्टको खोजी गरी घटनाका बारेमा जानकारी गराउन माग गरेका छन् । सांसद विदुषी राणाले 'राइडिङ सेयरिङ'मा आबद्ध भई सेवाप्रवाह गर्दै आइरहेका युवालाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन रेका छन् ।
सांसद विश्वराज पोखरेलले वैदेशिक रोजगारीमा जाने नेपाली युवा ठगी, श्रम शोषणबाट पीडितलाई स्वास्थ्य उपचारको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । सांसद बुद्धरत्न महर्जनले ललितपुर बडिखेलका जनताले खानेपानीको अभाव खेप्दै आइरहेको भनी सरकारको ध्यानाकर्षण गराए । सांसद भरतबहादुर खड्काले डोटी जिल्लाको सायल गाउँपालिका–१ मा अविरल वर्षाको कारण असुरक्षित अवस्थामा जीवन बिताइरहेका स्थानीय सर्वसाधारणको व्यवस्थापनमा ध्यान दिन अनुरोध गर्दै केही आम सञ्चारमाध्यमको भवन र कांग्रेस सभापतिको निवास अगडि गाडी रोकेको घटनाका विषयमा जानकारी गराउन माग गरेका छन् ।
सांसद भूमिका लिम्बू सुब्बाले हरेक वर्ष वर्षायाम सुरु भएसँगै अत्यावश्यक वस्तुको अभाव हुने गरेको विषयमा सरकारको ध्यानाकर्षण गर्दै आपूर्ति व्यवस्थालाई सहज बनाउन अनुरोध गरेका छन् । सांसद रञ्जु न्यौपानेले काठमाडौँ क्षेत्र नं १ सहित जिल्लाभरि नै खानेपानीको चरम अभाव भएको बताउँदै त्यसतर्फ ध्यान दिन सम्बद्ध पक्षको ध्यानाकर्षण गराएका छन् । सांसद रमेश मल्लले सल्यानमा विद्युतीकरण र सेवा विस्तार नहुँदा सर्वसाधारणले सास्ती भोग्नुपरेको बताए ।



सांसद रमेशकुमार सापकोटाले कर्णाली प्रदेशका जनताको स्वास्थ्य अवस्था, एम्बुलेन्स सुविधा तथा सडक बाटोका विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् ।
सांसद रमेश प्रसाईंले काठमाडौँमा जथाभावी घरभाडा उठाउने गरेको बताउँदै बसभाडा तोकिएजस्तै वैज्ञानिक एवं वस्तुनिष्ट ढङ्गबाट घरभाडा तोकिनुपर्ने धारणा व्यक्त गरेका छन् । सांसद राजीव खत्रीले नयाँ सवारीचालक अनुमतिपत्र लिन वा वर्ग थप गर्न स्वास्थ्य परीक्षण अनिवार्य भएको भन्ने नियमलाई टेकेर लुटको धन्दा सञ्चालन हुँदै आइरहेको भनी सरकारको ध्यानाकर्षण गराएका छन् ।
सासंद रत्नकुमारी थापाले अछामका सडक र त्यहाँ निर्माण हुने भनिएको बेतन कर्णालीलगायतका पूर्वाधार निर्माण नहुँदा सर्वसाधारण मुग्लान र खाडीतर्फ पलायन भएको विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् । सांसद रचना खतिवडा खत्रीले ठूलो जनाधारसहित बनेको सरकार केही काम गर्न नसकी गतिहीन अवस्थामा पुगेको भएको भनी टिप्पणी गरेका छन् ।
सांसद रजनी श्रेष्ठले अझै पनि इलामका माई नगरपालिका, माङसेवुङ गाउँपालिकाका जनता नागरिकता र राष्ट्रिय परिचयपत्र बनाउन ११० किलोमिटरको यात्रा गरी सदरमुकाम पुग्नुपर्ने बाध्यतालाई बुझी नजिकै इलाका प्रशासन कार्यालय सञ्चालन गर्न माग गरेका छन् ।
सांसद राधिका रम्तेलले पानी परेको समयमा 'राइडिङ सेयरिङ एप्स'मा मनपरी भाडा असुल्ने क्रम बढेकाले आवश्यक व्यवस्थासहित प्रभावकारी रूपमा अनुगमन गरी आम जनतालाई राहत दिन माग गरेका छन् ।
सांसद राम लामाले सन् २०४५ सम्म शून्य कार्बन उत्सर्जन गर्ने रणनीतिबमोजिम आवश्यक पहल गरी नेपाललाई लाभान्वित तुल्याउनुपर्नेमा जोड दिएका छन् । सांसद रामाकान्त चौरसियाले प्रसौनी छोटी भन्सार सञ्चालनमा ल्याउनका लागि आवश्यक पहलकदमी होस् भनेका छन् ।
मंगलबारको बैठकमा सांसद मनिष खनाल, महेन्द्रबहादुर शाही, मोहमद फिदोस आलम, यज्ञबहादुर बोगटी, रीना उप्रेती, रीमा विश्वकर्मा, रेनुका काउँछा, उमेश रञ्जित, मदनकुष्ण श्रेष्ठ, मधुकुमार चौलागाईँ, मनमाया विकलगायतले रासायनिक मल, बजार महँगी, रोजगारीलगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका थिए । रासस

# खमेनी परिवारबारे ट्रम्पको नयाँ दाबी



**वासिङ्टन ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानका सर्वोच्च नेता अयातुल्ला अली खमेनीका छोरा मोजताबा खमेनी सैन्य कारबाहीपछि '९० प्रतिशत निष्क्रिय' भएको दाबी गर्दै इरानको शीर्ष सैन्य नेतृत्व लगभग समाप्त भइसकेको बताएका छन् । यो दाबी अमेरिकाले हर्मुज जलघाँटीमा पुनः समुद्री नाकाबन्दी लागू गर्ने र त्यहाँबाट आवतजावत गर्ने जहाजहरूबाट शुल्क उठाउने घोषणा गरेसँगै सार्वजनिक भएको हो । फक्स न्युजसँगको अन्तर्वार्तामा राष्ट्रपति ट्रम्पले अमेरिका र इजरायलको संयुक्त सैन्य कारबाहीले इरानको रक्षा संरचनामा गम्भीर क्षति पुऱ्याएको दाबी गरेका छन् । उनका अनुसार इरानको नौसैनिक र वायु शक्ति, हवाई प्रतिरक्षा प्रणाली तथा सैन्य नेतृत्वको ठूलो हिस्सा नष्ट भइसकेको छ ।

ट्रम्पले इरानका प्रमुख रणनीतिक सैन्य कमान्डरहरू कारबाहीका क्रममा मारिएको दाबी गर्दै सर्वोच्च नेता अली खमेनीको पनि फेब्रुअरीको अन्त्यतिर भएको अमेरिका–इजरायलको हवाई आक्रमणमा मृत्यु भएको दाबी दोहोऱ्याएका छन् । साथै, मोजताबा खमेनी पनि उक्त सैन्य अभियानबाट गम्भीर रूपमा प्रभावित भएको र उनलाई '९० प्रतिशत समाप्त' भएको अवस्थामा रहेको टिप्पणी गरेका छन् ।

उनले मोजताबा खमेनी अघिल्लो हवाई आक्रमणमा लागेको गम्भीर चोटबाट उपचाररत रहेको र यस महिनाको सुरुमा इरान तथा इराकमा आयोजित सार्वजनिक अन्त्येष्टि कार्यक्रममा अनुपस्थित रहेको पनि उल्लेख गरेका छन् । यी अभिव्यक्ति अमेरिका र इरानबीच सप्ताहन्तमा पुनः मिसाइल आक्रमण आदानप्रदान भएपछि आएका हुन् । मिसाइल आदानप्रदानले क्षेत्रीय तनावलाई थप चर्काएको छ ।

यसैबीच ट्रम्पले अमेरिकाले 'इरानी नाकाबन्दी' पुनः लागू गर्ने तथा हर्मुज जलघाँटीको सुरक्षा सुनिश्चित गर्न व्यापारिक जहाजबाट शुल्क असुल्ने नीति अघि बढाएको जानकारी दिएका छन् । उनले सामाजिक सञ्जाल 'ट्रुथ सोसल'मा अमेरिका अब 'हर्मुज जलघाँटीको संरक्षक'को भूमिकामा रहने उल्लेख गर्दै इरानी जहाज तथा इरानसँग सम्बन्धित कार्गोको आवतजावत रोक्ने, तर अन्य मुलुकलाई जलमार्गको स्वतन्त्र प्रयोग गर्न दिने बताएका छन् ।

ट्रम्पले जलघाँटी प्रयोग गर्ने सबै अन्तर्राष्ट्रिय कार्गोबाट मूल्यको २० प्रतिशत बराबर प्रतिपूर्ति शुल्क उठाउने प्रस्ताव पनि गरेका छन् । उनका अनुसार रणनीतिक समुद्री मार्गको सुरक्षा खर्च अन्तर्राष्ट्रिय व्यापारिक साझेदारहरूले पनि वहन गर्नुपर्छ । इरानका विदेशमन्त्री अब्बास अराघचीले भने ट्रम्पको प्रस्ताव अस्वीकार गर्दै हर्मुज जलघाँटीको सुरक्षा गर्ने ऐतिहासिक र कानुनी जिम्मेवारी इरानकै रहेको प्रतिक्रिया दिएका छन् । उनले सामाजिक सञ्जालमार्फत २० प्रतिशत शुल्क अत्यधिक भएको टिप्पणी गर्दै इरानले निष्पक्ष रूपमा काम गर्ने बताएका छन् ।

अमेरिका र इरानबीच हर्मुज जलघाँटीको नियन्त्रण, सुरक्षा र समुद्री आवागमनलाई लिएर आरोप–प्रत्यारोप तीव्र बन्दै गएको छ । विश्व ऊर्जा आपूर्तिका लागि अत्यन्त महत्त्वपूर्ण मानिने यस समुद्री मार्गलाई लिएर दुवै पक्षले आ–आफ्नो दाबी थप आक्रामक रूपमा प्रस्तुत गरिरहेका छन् । रासस

# उत्पादनमा आधारित अनुदानले किसान उत्साही



**बेनी ।**
बेनी नगरपालिका–७ कुरिलाखर्कका सुरेश ढुङ्गानाको दिन बिहानै गोठबाट सुरु हुन्छ । पचासवटा गाईभैँसीको स्याहार, दूध दुहुनु, बजारसम्म पुर्याउनु र फार्म व्यवस्थापनमै दिन बित्छ । जसबाट उनी सन्तुष्ट हुनुहुन्छ । तर, पछिल्लो समय उनी सन्तुष्टसँग उत्साही र थप आशावादी बनेका छन् । कारण हो, अनुदान । अहिले उनीलाई अनुदानका लागि कार्यालय धाउनुपर्दैन, उत्पादनले नै उनीको मिहिनेतको मूल्य निर्धारण गर्छ ।

'ढुङ्गाना कृषि तथा पशुपन्छी फार्म' सञ्चालन गर्दै दैनिक करिब ३०० लिटर दूध उत्पादन गर्ने उनीले बेनी नगरपालिकाको उत्पादनमा आधारित अनुदान कार्यक्रमबाट लगातार तीन वर्षसम्म वार्षिक रूपमा रु ४५ हजार प्राप्त गरेका छ । उनीका अनुसार रकम ठूलो नभएपनि यसले किसानलाई सम्मान र उत्साह दुवै दिएको छ । 'पहिला अनुदान पाउन धेरै प्रक्रिया पूरा गर्नुपथ्र्यो, अहिले वास्तविक उत्पादनका आधारमा अनुदान पाइन्छ, कार्यालय पनि धाइरहनु पर्दैन, हामीलाई काम गर्न प्रेरणा मिलेको छ', उनले भने ।

बेनी नगरपालिकाले आव २०८१ मा 'उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि' लागू गरेपछि कृषि अनुदान वितरणको शैली परिवर्तन भएको हो । कृषि औजार वा सामग्री वितरण गर्ने परम्परागत अभ्यासभन्दा फरक यो कार्यक्रमले उत्पादन र बिक्रीलाई आधार मानेर किसानलाई नगद अनुदान उपलब्ध गराउँछ । नगरपालिकाको विश्वास छ, यसले उत्पादन बढाउनेमात्र होइन, वास्तविक किसानलाई प्रोत्साहन पनि गर्छ । नगरप्रमुख सुरत केसीका अनुसार युवालाई उत्पादनमुखी व्यवसायतर्फ आकर्षित गर्ने, वैदेशिक रोजगारीको विकल्प सृजना गर्ने र स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको हो । 'वडास्तरबाट कृषि औजार वितरण हुँदै आएको छ, नगरपालिकाले उत्पादनपछि अनुदान दिने व्यवस्था गरेको छ, यसले किसानलाई व्यावसायिक बन्न र उत्पादन बढाउन सहयोग पुगेको छ', उनी भन्छन् ।

नगरपालिकाको तथ्याङ्कले पनि कार्यक्रमको प्रभाव देखाउन थालेको छ । बेनी नगरपालिका अहिले दूध उत्पादनमा आत्मनिर्भर हुँदै अतिरिक्त उत्पादन निर्यातको अवस्थासम्म पुगेको छ । स्थानीय तहको प्रोत्साहन र किसानको लगानीले पशुपालन व्यवसाय विस्तार हुँदै गएको नगरपालिकाको निष्कर्ष छ । यस वर्षदेखि कार्यक्रम पशुपालनमा मात्र सीमित छैन । व्यावसायिक तरकारीखेती गर्ने किसान पनि यसमा समेटिएका छन् । आर्थिक वर्ष २०८२र८३ मा पशुपालनतर्फ रु १२ लाख २० हजार र तरकारी खेतीतर्फ रु १३ लाख ५० हजार बजेट परिचालन गरिएको छ ।

पशु सेवा शाखामा परेको ६६ आवेदनमध्ये स्थलगत अनुगमनपछि ५७ वटा व्यावसायिक फार्म छनोट भएका छन् । पशु चिकित्सक डा सुदीप पौडेलका अनुसार किसानलाई न्यूनतम रु १३ हजारदेखि अधिकतम रु ४५ हजारसम्म अनुदान उपलब्ध गराइएको छ । तरकारीतर्फ कृषि शाखामा ६३ वटा आवेदन परेकामा ५९ किसान तथा कृषक समूह छनोट भएका छन् । कृषि अधिकृत आकृति ढुङ्गानाका अनुसार काउली, बन्दा, ब्रोकाउली, गोलभैँडा, खुर्सानी, अकबरे खुर्सानी, मूला, गाजर, प्याज र लसुन उत्पादन गर्ने किसानलाई खेती गरिएको क्षेत्रफल र बिक्री भएको उत्पादनका आधारमा अनुदान प्रदान गरिएको छ ।

बेनी नगरपालिका(२ खबराका अगुवा किसान सोवित शर्माका अनुसार यो कार्यक्रमले मिहिनेत गर्ने किसानलाई प्रत्यक्ष लाभ पुगेको छ । 'उत्पादनका आधारमा अनुदान दिँदा वास्तविक किसान छुट्दैनन् । साना किसानलाई पनि व्यवसाय विस्तार गर्ने आत्मविश्वास बढेको छ', उनी भन्छन् । कार्यक्रमलाई व्यवस्थित बनाउन नगरपालिकाले किसानलाई लघु, साना, मझौला र व्यावसायिक उद्यमी गरी चार वर्गमा विभाजन गरेको छ । वर्गअनुसार रु १५ हजारदेखि ४५ हजारसम्म अनुदान उपलब्ध गराइन्छ । यसका लागि दूध उत्पादन, बाख्रापालन वा तरकारी उत्पादन तथा बिक्रीका न्यूनतम मापदण्ड पूरा गर्नुपर्ने व्यवस्था गरिएको छ ।

कार्यक्रमको अर्को विशेषता यसको सरल प्रक्रिया हो । किसानले एकपटक मात्र निवेदन दर्ता गरेपछि आवश्यक स्थलगत अनुगमन नगरपालिकाले आफैँ गर्छ । छनोट भएका किसानको बैंक खातामै अनुदान रकम जम्मा गरिने भएकाले प्रशासनिक झन्झट हटेको छ । प्राप्त रकम किसानले आफ्नै आवश्यकता र उत्पादन विस्तारसँग सम्बन्धित क्षेत्रमा खर्च गर्न सक्ने व्यवस्था छ ।

बेनी नगरपालिकाको यो अभ्यासले अनुदानलाई उत्पादनसँग जोडेर वास्तविक किसानसम्म पुर्याउने नयाँ मोडेल प्रस्तुत गरेको छ । उत्पादनलाई प्रोत्साहन गर्ने, किसानलाई आत्मनिर्भर बनाउने र स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने उद्देश्य बोकेको यो कार्यक्रम सफल भए अन्य स्थानीय तहका लागि पनि अनुकरणीय अभ्यास बन्न सक्ने देखिन्छ । गोठमा बिहानदेखि साँझसम्म पसिना बगाउने सुरेश ढुङ्गानाजस्ता किसानका लागि यो अनुदान केवल केही हजार रुपैयाँको सहयोगमात्र होइन, मिहिनेतको मूल्याङ्कन र कृषि पेसाप्रतिको सम्मानको अनुभूति पनि बनेको छ । रासस

# मध्यपूर्व तनावबीच लेबनान–इजरायलबीच रोममा नयाँ वार्ता



**रोम ।**
अमेरिकी मध्यस्थतामा लेबनान र इजरायलबीच मंगलबार इटालीको राजधानी रोममा नयाँ चरणको वार्ता सुरु भएको छ । मध्यपूर्वमा इजरायल, इरान र इरान समर्थित हेजबुल्लाहबीच तनाव कायम रहेका बेला यो वार्तालाई महत्वपूर्ण रूपमा हेरिएको छ ।

इजरायल र लेबनानले गत जुन २६ मा वासिङ्टनमा पाँच चरणको वार्तापछि युद्ध अन्त्य र सीमा क्षेत्रमा स्थायित्व कायम गर्ने उद्देश्यसहित समझदारी गरेका थिए । यद्यपि इरान समर्थित हेजबुल्लाहले उक्त समझदारी अस्वीकार गरेको छ ।

सम्झौतामा हेजबुल्लाहको निशस्त्रीकरण, दक्षिणी लेबनानका विभिन्न क्षेत्रबाट इजरायली सेनाको क्रमिक फिर्ता तथा लेबनानी सेनालाई ती क्षेत्रको सुरक्षा जिम्मेवारी हस्तान्तरण गर्ने व्यवस्था समावेश गरिएको छ । लेबनानका राष्ट्रपति जोसेफ आउनले रोम पुगेको आफ्नो प्रतिनिधिमण्डललाई थप छलफलअघि इजरायली सेनाको तत्काल फिर्ता सुरु गराउन जोड दिन निर्देशन दिएको बताइएको छ ।

वार्तासँग परिचित लेबनानी कूटनीतिक स्रोतका अनुसार, इजरायली सेना फिर्ता हुने क्षेत्रको सुरक्षा जिम्मेवारी लिन लेबनानी सेना तयारी अवस्थामा छ । इजरायलले भने ती क्षेत्रलाई स्थायी रूपमा सुरक्षित राख्न लेबनानी सेनाको क्षमता सुनिश्चित गर्न चाहेको जनाइएको छ ।

यसअघि शनिबार एक अमेरिकी सैन्य प्रतिनिधिमण्डलले बेरुतमा लेबनानी सेनासँग इजरायली सेनाको फिर्ती प्रक्रियाबारे छलफल गरेको थियो । युद्धविराम लागू भए पनि दक्षिणी लेबनानमा इजरायली सेनाले सीमित सैन्य कारबाही र संरचना ध्वस्त पार्ने गतिविधि जारी राखेको लेबनानी सञ्चारमाध्यमहरूले जनाएका छन् ।

लेबनानी अधिकारीहरूका अनुसार मार्चदेखि सुरु भएको द्वन्द्वमा इजरायली आक्रमणबाट हालसम्म ४ हजार ३०० भन्दा बढी मानिसको मृत्यु भइसकेको छ ।

यसैबीच, क्षेत्रीय तनाव अझै बढिरहेका बेला अमेरिकाले इरानविरुद्ध सैन्य दबाबलाई निरन्तरता दिएको छ । हेजबुल्लाहले इरानको समर्थनमा इजरायलमाथि क्षेप्यास्त्र आक्रमण गरेपछि लेबनान पुनः क्षेत्रीय द्वन्द्वको केन्द्रमा पुगेको विश्लेषण गरिएको छ । विश्लेषकहरूका अनुसार तेहरानले हेजबुल्लाहलाई आफ्नो क्षेत्रीय रणनीतिक प्रभाव कायम राख्ने प्रमुख माध्यमका रूपमा हेरेको छ, जसका कारण युद्धविराम र राजनीतिक सहमतिलाई कार्यान्वयनमा ल्याउन अझै चुनौती रहने देखिएको छ । रासस

## विदेश होइन, गाउँमै भविष्य:

# उन्नत भैँसीपालनबाट मासिक एक लाख आम्दानी



**पर्वत ।**
बिहानको झिस्मिसे नहुँदै बिहादी गाउँपालिका–२ बर्राचौरस्थित देवेन्द्र पराजुलीको गोठमा चहलपहल सुरु हुन्छ ।

भैँसीलाई दाना–पानी खुवाउनेदेखि दूध दुहुनसम्मको काम सकिँदासम्म उनीको दिन निकै अघि बढिसकेको हुन्छ । यही गोठ अहिले उनको आम्दानीको मुख्य आधार बनेको छ ।

उन्नत जातको भैँसीपालनबाट उनले खर्च कटाएर मासिक करिब रु एक लाख आम्दानी गर्दै आएको छ ।

रोजगारीको खोजीमा हजारौँ नेपाली युवा विदेशतर्फ लागिरहेका बेला ४० वर्षीय पराजुलीले भने गाउँमै बसेर कृषि र पशुपालनबाट पनि सम्मानजनक आम्दानी गर्न सकिने उदाहरण प्रस्तुत गरेको छ ।

स्थानीय जातका दुई–तीनवटा भैँसीबाट सुरु भएको उनको व्यवसाय अहिले पाँचवटा मुर्रा जातका उन्नत भैँसी र अन्य स्थानीय जातका गरी १० वटा भैँसीसम्म विस्तार भएको छ ।

दैनिक ८० देखि १०० लिटरसम्म दूध उत्पादन हुने उनको फार्मबाट निस्कने दूध स्थानीय बजारसँगै हुवास, गुल्मीको पुर्तिघाट र स्याङ्जाको वालिङसम्म पुग्ने गरेको छ ।

भैँसीको दूधको माग उच्च भएकाले बजारको अभाव नभएको उनी बताउछन् ।

समस्या बजारको होइन, उत्पादनको हो, उनी भन्छन् , अझ धेरै दूध उत्पादन गर्न सकियो भने पनि बिक्रीको चिन्ता छैन । अहिले घरबाटै प्रतिलिटर रु १०० का दरले दूध बिक्री भइरहेको छ ।

करिब रु ३० लाख लगानीमा चार वर्षअघि स्थापना गरिएको 'पराजुली कृषि तथा पशु फार्म' अझ विस्तार गर्ने तयारीमा उनी हुन्छन् । आगामी वर्षदेखि थप उन्नत जातका भैँसी खरिद गरी कम्तीमा २० वटा मुर्रा भैँसी पाल्ने योजना उनले बनाएको छ ।

भेटेरिनरी जेटिए अध्ययन गर्नुभएका पराजुलीले सिकेको ज्ञान आफ्नै गाउँमा प्रयोग गर्ने उद्देश्यले पशुपालन रोजेको हो । उनहाँको व्यवसायमा श्रीमती अमृतादेवी शर्मा पराजुली, आमाबुबालगायत परिवारका सदस्यको पनि सक्रिय साथ छ । बिहानदेखि रातिसम्म गोठमै व्यस्त रहने उनी मेहनत गर्न विदेशिनुपर्ने बाध्यता नरहेको बताउछन् ।

भैँसीपालनसँगै उनीले व्यावसायिक तरकारी, मकै र धानखेती पनि गर्दै आएको छ । आफ्नै र लिजमा लिएको गरी २८ रोपनीभन्दा बढी क्षेत्रफलमा खेती गर्दै उनले सिजनअनुसार टमाटर तथा अन्य तरकारी उत्पादन गर्नुहुन्छ । कालीगण्डकी करिडोर नजिकै रहेको फार्म भएकाले उत्पादन बजारसम्म पुरयाउन पनि सहज भएको उनको अनुभव छ ।

उनको व्यवसायलाई विस्तार गर्न चालु आर्थिक वर्षमा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ बागलुङले रु चार लाख अनुदान उपलब्ध गराएको छ । कृषि तथा पशुपन्छी उद्यमशीलता कार्यक्रमअन्तर्गत उद्यमी र कार्यालयको ५०–५० प्रतिशत साझेदारीमा प्राप्त उक्त सहयोगबाट आधुनिक गोठ निर्माण गरिएको हो ।

कार्यक्रम कार्यान्वयन एकाइ बागलुङका प्रमुख अर्जुनप्रकाश सुवेदीका अनुसार वैदेशिक रोजगारीबाट फर्केका वा कृषि उद्यममा लागेका युवालाई प्रोत्साहन गर्ने उद्देश्यले यस्तो सहयोग गरिएको हो ।

यस्ता कार्यक्रमले ग्रामीण क्षेत्रमा उद्यमशीलता विस्तार गर्न र युवालाई स्वदेशमै अवसर खोज्न प्रेरणा मिल्ने उनको विश्वास छ । पराजुलीको अनुभवमा विदेश जान खर्चिने रकम र श्रम आफ्नै गाउँमा लगानी गर्न सके सफल हुन सकिन्छ ।

विदेशको चर्को घाममा पसिना बगाउनुभन्दा आफ्नै माटोमा मेहनत गर्नु राम्रो, उनी भन्छन् , दुःख त यहाँ पनि हुन्छ, तर त्यसको प्रतिफल आफ्नै घर–परिवार र गाउँले पाउँछन् । यही नै सबैभन्दा ठूलो सन्तुष्टि हो । रासस

# भौतिक विकासको पर्खाइमा पलगडी गाउँ

**कञ्चनपुर ।**
डडेलधुरा जिल्लाको पर्शुराम नगरपालिका–११ स्थित पलगडी गाउँ आज पनि विकासको मूल प्रवाहबाट टाढा छ । कञ्चनपुरसँग सीमा जोडिएको चुरे क्षेत्रको विकट पहाडी भागमा रहेको यो गाउँमा सडक, विद्युत्, स्वास्थ्य सेवा, खानेपानी र गुणस्तरीय शिक्षाजस्ता आधारभूत सुविधा अझै पुग्न सकेका छैनन् ।

नेपालको संविधानले सुनिश्चित गरेका आधारभूत सेवासमेत सहज रूपमा नपाउँदा यहाँका बासिन्दा वर्षौंदेखि कठिन जीवन बिताउन बाध्य छन् । करिब ५० परिवार बसोबास गर्ने पलगडी गाउँमा अझै मोटर बाटो पुगेको छैन ।

गाउँ पुग्ने एकमात्र माध्यम पैदल यात्रा हो । स्थानीयका अनुसार झलारी बजारबाट गाउँ पुग्न करिब छ घण्टा उकालो–ओरालो, खोला र जङ्गल पार गर्नुपर्छ । वर्षायाममा यो बाटो अझ जोखिमपूर्ण बन्छ । पहिरो, हिलो र चिप्लोका कारण यात्रा निकै कठिन हुन्छ । बाढीले पनि स्थानीयको दैनिक जीवन थप कष्टकर बनाउने गरेको छ । यो उनीहरूको नियमित दैनिकी जस्तै बनेको छ ।

गाउँमा कोही बिरामी परेका अवस्थामा झन् कठिन हुन्छ । एम्बुलेन्स त परको कुरा, स्ट्रेचरसमेत पुग्न सक्दैन । त्यसैले बिरामीलाई डोको वा पिठ्युँमा बोकेर करिब छ घण्टा पैदल हिँडेर कञ्चनपुरको झलारी वा अन्य स्वास्थ्य संस्थासम्म लैजानुपर्छ । स्थानीय हरिश कुँवर भन्छन्, ‘गाउँसम्म सडक छैन । बिरामीलाई पिठ्युँमा बोकेर हिँडाउनुपर्छ । बाटोमै ज्यान जाने डर हुन्छ । अर्को विकल्प पनि छैन ।’

शिक्षाको अवस्था पनि उस्तै चुनौतीपूर्ण छ । गाउँमा कक्षा ५ सम्म मात्रै पढाइ हुने विद्यालय छ । माध्यमिक शिक्षा पढ्न बालबालिकाले दैनिक चार घण्टासम्म पैदल हिँडेर आलितालको दोबाटा पुग्नुपर्छ । लामो यात्रा, वर्षायामको जोखिम र आर्थिक अभावका कारण धेरै विद्यार्थीले बीचमै पढाइ छाड्ने गरेका छन् ।

गाउँमा आधारभूत स्वास्थ्य चौकी पनि छैन । सामान्य बिरामी हुँदा झारफुक वा घरेलु उपचारमै भरपर्नुपर्ने अवस्था छ । दैनिक उपभोगका सामग्री किन्न पनि पलगडीका बासिन्दा कञ्चनपुरको झलारी बजार जानुपर्छ । खाद्यान्न, लत्ताकपडा, औषधि र अन्य आवश्यक सामग्री पिठ्युँमा बोकेर गाउँ ल्याउनुपर्ने बाध्यता रहेको स्थानीय मोहनबहादुर ऐर बताउँछन् ।

उन भन्छन्, ‘किनमेल गर्न झलारी पुग्नुपर्छ । सामान किनेर फेरि पिठ्युँमा बोकेर गाउँ ल्याउनुपर्छ । वर्षायाममा धारापानी खोलामा बाढी आउँछ । जोखिम छ भन्ने थाहा हुँदाहुँदै पनि घर पुग्न खोला तर्नैपर्छ ।’

उनका अनुसार धारापानी खोलामा पुल नहुँदा हरेक वर्ष स्थानीयले जोखिम मोल्नुपरेको छ । एउटै खोला तीन–चार ठाउँबाट तर्नुपर्ने अवस्था छ । तीन वर्षअघि गाउँकै एक जना स्थानीय खोला तर्ने क्रममा बगेर ज्यान गुमाएका थिए । त्यो घटना अझै गाउँलेको सम्झनामा ताजै छ । ऐर भन्छन्, ‘सडक र पुल बने हाम्रो जीवन धेरै सहज हुन्थ्यो । तर कहिले बन्ला भन्ने आशामै बसेका छौँ ।’

स्थानीय गीता कुँवरका अनुसार वर्षायाम सुरु भएपछि गाउँ बाहिर निस्कन पनि डर लाग्छ । उनी भन्छिन्, ‘बाटोमा हिँड्दा कुनबेला पहिरो झर्छ, कुनबेला खोला बढ्छ भन्ने थाहा हुँदैन । सडक छैन, सुरक्षित बाटो छैन । हरेक यात्रा जोखिमपूर्ण हुन्छ ।’

कठिन भौगोलिक अवस्थाका बीच यहाँका अधिकांश परिवार बाख्रापालन र कृषिमा निर्भर छन् । केही युवा रोजगारीका लागि भारत तथा अन्य ठाउँमा मजदुरी गर्न जाने गरेका छन् । गाउँमा उत्पादन भएका खसीबोका बिक्री गरेर घरखर्च चलाउने परिवार पनि धेरै छन् । सडक नहुँदा स्थानीय उत्पादन बजारसम्म पुर्‍याउनसमेत समस्या हुने गरेको छ ।

स्थानीय रतनबहादुर साउदका अनुसार गाउँमा बिजुली पुगेको छैन । त्यसैले सौर्य ऊर्जामा भर पर्नुपरेको छ । सञ्चार सेवा पनि कमजोर छ । मोबाइलको नेटवर्क कहिलेकाहीँ मात्र लाग्ने भएकाले आपतकालीन अवस्थामा सूचना आदानप्रदान गर्न कठिन हुन्छ । स्थानीयले पिठ्युँमा बोकेर विद्युत्का खम्बा गाउँसम्म पु¥याएका छन् । तर खम्बा गाड्ने र तार तान्ने काम अझै भएको छैन ।

वर्षौंदेखि स्थानीयले सडक, पुल, स्वास्थ्य चौकी, माध्यमिक विद्यालय र विद्युत् विस्तारको माग गर्दै आएका छन् । तर त्यसमा खासै प्रगति हुन सकेको छैन । साउद भन्छन्, ‘पलगडीको विकासका लागि सबैभन्दा पहिले सडक चाहिन्छ । सडक पुगेपछि स्वास्थ्य सेवा, शिक्षा, विद्युत्, कृषि र बजारसँगको पहुँच आफैँ विस्तार हुन्छ ।’ विकासको उज्यालोबाट टाढा रहेको पलगडी गाउँ आज पनि सडक, पुल, स्वास्थ्य सेवा र गुणस्तरीय शिक्षाको पर्खाइमा छ । रासस

# ‘परिवर्तनका लागि महिला नेतृत्व’ अभियान सुरु हुँदै

**काठमाडौँ ।**
जलवायु न्याय र सामुदायिक उत्थानका क्षेत्रमा काम गर्दै आएको संस्था ‘साथसाथै फाउन्डेसन’ले ‘हरित उत्सवः परिवर्तनका लागि महिला नेतृत्व’ अभियान सुरु गर्ने भएको छ ।

फाउन्डेसनका अनुसार अन्तरपुस्ता महिलावादी मञ्चको सहकार्यमा धार्मिक तथा सांस्कृतिक चाडपर्वलाई वातावरणमैत्री, दिगो र जिम्मेवार बनाउने उद्देश्यले यो अभियान सुरु गर्न लागिएको हो ।

फाउन्डेसनका अध्यक्ष प्रजिता कार्कीका अनुसार पछिल्ला वर्षमा बढ्दो उपभोक्तावादी संस्कृतिका कारण चाडपर्वमा आवश्यकभन्दा बढी किनमेल गर्ने, प्लास्टिक धेरै प्रयोग गर्ने र खाद्यान्न खेर फाल्ने प्रवृत्ति बढेको छ । यस्ता अभ्यासलाई कम गर्न अभियान सञ्चालन गर्न लागिएको उनले बताइन् ।

उनका अनुसार यस्ता गतिविधिले वातावरणसँगै महिलामाथि पनि प्रत्यक्ष असर पार्ने भएकाले अभियानले परम्परा र संस्कृतिको सम्मान गर्दै वातावरणमैत्री रूपमा चाडपर्व मनाउन प्रेरित गर्नेछ ।

फाउन्डेसनले चक्रिय अर्थतन्त्रलाई नेपालीको दैनिक जीवनशैलीमा स्थापित गर्ने लक्ष्य पनि राखेको छ । अभियानअन्तर्गत फाउन्डेसनले सन् २०२४ मा ‘ग्रीन तीज’ अभियान सञ्चालन गरेको थियो । त्यस अभियानमा सहभागी महिलाले हरित पर्व मनाउने पाँचबुँदे प्रतिबद्धता गरेका थिए ।

फाउन्डेसनले जलवायु परिवर्तनको असर कम गर्न नीतिगत सुधारसँगै व्यक्ति र समुदायको व्यवहार परिवर्तनमा पनि जोड दिँदै आएको छ । साथै खाद्यान्न सङ्कट न्यूनीकरण, लैङ्गिक समानता, जल र स्थलको जैविक विविधता संरक्षण तथा साझेदारी प्रवर्द्धनका क्षेत्रमा काम गर्दै आएको छ ।

# वन संरक्षणको लाभ खोज्दै आश्रित समुदाय

**हेटौँडा ।**
‘सबैले वन बढेको देख्छन्, तर वनको छेउमा बस्नेको पीडा कसैले देखेको छैन । वनमा जन्मियौँ, हुर्कियौँ । सरकारले वनको छेउमा बसायो । हेर्दा सबै छ, तर आफ्नो भन्न मिल्ने एकमुठी माटोसम्म छैन ।’ दुःख मिश्रित यो भनाइ हो वनकरिया समुदायकी विष्णुमाया वनकरियाको हो । सरकारले जीवनशैली त फेरिदियो, तर वन संरक्षण गर्नेलाई अहिलेसम्म चिन्न नसकेको उनको गुनासो छ ।

विष्णुमायाका अनुसार वन संरक्षणको सफलता वनको क्षेत्रफल बढ्नुमा मात्र सीमित हुनुहुँदैन । यससँग जोडिएका समुदायको अधिकार, सम्मान, जीविकोपार्जन र न्याय सुनिश्चित भएपछि मात्र दिगो वन व्यवस्थापन सम्भव हुने उनको भनाइ छ ।

वनमा आश्रित समुदायका लागि सुरक्षित आवास, जग्गाको अधिकार र सम्मानजनक जीविकोपार्जनको व्यवस्था तत्काल गर्नुपर्ने उनको भनाइ छ । सरकारले तत्कालका लागि भोगचलन गर्न दिइएको जग्गाको सम्झौता अवधि सकिएको उनले उल्लेख गरिन् ।

सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालका पूर्वअध्यक्ष तथा वन अधिकारकर्मी घनश्याम पाण्डेका अनुसार वनमा आश्रित समुदायको आर्थिक अवस्था सुधार गर्न नीतिगत व्यवस्था र प्रभावकारी कार्यान्वयन जरुरी छ । वनमा आधारित भएर पनि अधिकार नपाएका समुदायको समस्या समाधानका लागि तत्काल नीतिगत परिवर्तन जरुरी छ ।

दाङको तुल्सीपुर नगरपालिकाका पूर्वप्रमुखसमेत रहनुभएका पाण्डेले स्थानीय वन ऐन बनाएर देशभर लागू गर्न सकिने नमुना अभियान सुरु गरिएको उल्लेख गरे । उनले वन अधिकार सुनिश्चित गर्न सरकार थप गम्भीर हुनुपर्नेमा जोड दिए ।

वन अधिकार, सुशासन, जैविक विविधता संरक्षण, जलवायु न्याय, जीविकोपार्जन र लैङ्गिक समानताका लागि वनमा आधारित उद्यमको विकास गर्नु आवश्यक रहेको उनको भनाइ छ । यस्ता कार्यक्रमले वनकरिया जस्तै अन्य आश्रित समुदायको जीवनस्तर सुधार्न पनि सहयोग पुग्ने उनको भनाइ छ ।

स्थानीय सरकारलाई वन व्यवस्थापनको मुख्य जिम्मेवारी, प्रदेश सरकारलाई प्राविधिक सहयोग र सङ्घीय सरकारलाई नीतिगत समन्वयको भूमिका दिनुपर्ने उनको धारणा छ ।

रेड प्लस कार्यान्वयनका प्रतिनिधि नवराज पुडासैनीले वन, जैविक विविधता र आदिवासी अधिकारसम्बन्धी अन्तरराष्ट्रिय सन्धि तथा प्रतिबद्धतालाई राष्ट्रिय कानुनमार्फत प्रभावकारी रूपमा लागू गर्नुपर्ने बताए ।

उनले वन कार्बन तथा जैविक विविधता क्रेडिटबाट प्राप्त हुने लाभ वन संरक्षण गर्ने समुदायसम्म पुग्ने स्पष्ट व्यवस्था हुनुपर्नेमा जोड दिए ।

वनमा आधारित जीविकोपार्जनका अवसर बढाउन कृषिवन, वनजन्य उद्योग, पर्यापर्यटन र वन उद्यमलाई प्राथमिकता दिनुपछ । वन उद्यमलाई व्यावसायिक बनाउन बीउपुँजी, प्रविधि, सीपमूलक तालिम, सहुलियतपूर्ण ऋण तथा साझेदारीमार्फत लगानी बढाउनुपर्ने उनको सुझाव छ ।

वन विज्ञ डा. सिन्धु ढुङ्गानाले जैविक विविधता संरक्षणमा नेपालको सामुदायिक वन व्यवस्थापनलाई अन्तरराष्ट्रियस्तरको असल अभ्यासका रूपमा संस्थागत गर्नुपर्ने बताए ।

उनले वन संरक्षणको केन्द्रमा स्थानीय समुदायलाई राख्दै आदिवासी तथा स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति र अभ्यासको संरक्षण तथा अभिलेखीकरण गर्नुपर्ने आवश्यकता औँल्याए ।

बागमती प्रदेशसभा सदस्य भारती पाठक वन क्षेत्रमा लैङ्गिक समानता, सामाजिक समावेशीकरण र नेतृत्व विकासलाई प्राथमिकता दिनुपर्ने बताउँछिन् ।

सामुदायिक वन उपभोक्ता समूहमा कम्तीमा ५० प्रतिशत महिलाको सहभागिता सुनिश्चित गर्नुपर्ने, निर्णय प्रक्रियामा भूमिका बढाउनुपर्ने र नेतृत्व विकासमा लगानी गर्नुपर्नेमा माग उठेको छ ।

उनका अनुसार सामुदायिक वन उपभोक्ता समूहलाई ऐनअनुसार, प्राप्त भएका अधिकारको पूर्ण कार्यान्वयन हुनुपर्छ । उपभोक्ता समूहले आफ्नै निर्णयअनुसार कार्ययोजना बनाउने, व्यवस्थापन गर्ने, पैदावारको मूल्य निर्धारण गर्ने, उद्यम सञ्चालन गर्ने र निजी क्षेत्रसँग साझेदारी गर्न पाउनुपर्छ ।

उनले सन् २०३० सम्म सामुदायिक वनका कम्तीमा ५० प्रतिशत उपभोक्ता समूहमा महिला अध्यक्ष रहने व्यवस्था गर्न तथा त्यसमा आदिवासी जनजाति, दलित, मधेशी र अपाङ्गता भएका महिलालाई प्राथमिकता दिनुपर्ने बताइन् ।

उद्यममा महिलाको नेतृत्व सुदृढ बनाउन सुलभ पुँजी, प्रविधि र नीतिगत सहयोग उपलब्ध गराउनु जरुरी छ । यस्तै, वनसम्बन्धी आयोजना तथा परियोजनाबाट हुने लाभमध्ये कम्तीमा ३३ प्रतिशत महिलासम्म पुग्ने सुनिश्चितता गर्नुपर्छ ।

नेपालले वन संरक्षणमा उल्लेखनीय सफलता हासिल गरे पनि प्रत्यक्ष योगदान दिने स्थानीय तथा आदिवासी समुदायको अधिकार, जीविकोपार्जन र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता अझै सुनिश्चित हुन सकेको छैन । त्यसका लागि सरकार र सम्बन्धित पक्ष मतैक्यताका साथ अघि बढ्नुपर्ने आवश्यकता छ । रासस

# नारायणी यातायातले नयाँ एम्बुलेन्स खरिद गर्ने




**मकवानपुर ।**
नारायणी यातायात व्यवसायी सङ्घले सामाजिक कार्यका लागि नयाँ एम्बुलेन्स खरिद गर्ने भएको छ । सङ्घको ३७औँ वार्षिक साधारणसभा तथा १६औँ अधिवेशनबाट निर्वाचित नयाँ कार्यसमितिको शपथग्रहण र पदस्थापन समारोहमा उक्त निर्णय गरी घोषणा गरिएको हो ।

यहाँस्थित सङ्घको मुख्य कार्यालयमा आयोजित समारोहमा प्रमुख निर्वाचन अधिकृत तथा वरिष्ठ अधिवक्ता ईश्वरराज ढकालले नवनिर्वाचित अध्यक्ष सरोजकुमार खनाललाई पद तथा गोपनीयताको शपथ गराउनुभयो । अध्यक्ष खनालले अन्य पदाधिकारी र सदस्यलाई पद तथा गोपनियताको शपथ गराएका थिए ।

सङ्घका निवर्तमान अध्यक्ष हीरालाल श्रेष्ठले यातायात क्षेत्रलाई व्यवस्थित र व्यवसायीमैत्री बनाउन सबै पक्षबीच सहकार्य आवश्यक रहेको बताए ।

नवनिर्वाचित अध्यक्ष खनालले यातायात व्यवसायीले भोग्नु परेको समस्या समाधान गर्दै व्यावसायिक हकहित संरक्षण, यातायात व्यवस्थापन र सेवा सुधारलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा मकवानपुर निर्माण व्यवसायी सङ्घका अध्यक्ष बालगोपाल कँडेल, नारायणी यातायात व्यवसायी सङ्घका पूर्वअध्यक्ष बद्रीप्रसाद चौलागाईलगायतले शुभकामना दिएका थिए ।

अध्यक्ष खनालका अनुसार सङ्घले सञ्चालन गरिरहेको एम्बुलेन्स पुरानो भएकाले नयाँ ल्याउने निर्णय गरिएको हो ।

सामान्यतः एम्बुलेन्स १० वर्षसम्म मात्र सञ्चालन गर्न पाइन्छ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले पुराना एम्बुलेन्सलाई क्रमशः प्रतिस्थापन गर्नुपर्ने नीति अगाडि सारेको छ ।

# भाषा संरक्षणबाट व्यावसायिक यात्रातर्फ गुरुङ चलचित्र

**जनक श्रेष्ठ/रासस**
**लमजुङ ।**
गुरुङ समुदायको भाषा, संस्कार र संस्कृतिलाई पुस्तान्तरण गर्ने उद्देश्यले दुई दशकअघि सुरु भएको गुरुङ चलचित्र यात्रा अहिले नयाँ मोडमा आइपुगेको छ ।

कुनै समय भाषा र पहिचान जोगाउने अभियानका रूपमा विकास भएको यो क्षेत्र अहिले गुणस्तरीय निर्माण, आधुनिक प्रविधि र व्यावसायिकतामा केन्द्रित हुन थालेको छ । चलचित्र निर्माणको सङ्ख्या विगतको तुलनामा घटे पनि निर्माण भएका चलचित्रको स्तर उकास्ने प्रयास जारी छ ।

यो समुदायको बाक्लो बस्ती रहेको लमजुङसहित, कास्की, मनाङ, स्याङ्जा, तनहुँ, गोरखा र आसपासका जिल्लामा गुरुङ भाषाका चलचित्र निर्माण हुँदै आएका छन् ।

गाउँगाउँमा प्रदर्शन गरिने यस्ता चलचित्रले गुरुङ समुदायको भाषा, भेषभुषा, संस्कार, संस्कृति र जीवनशैलीलाई जीवन्त राख्न महत्वपूर्ण भूमिका खेलेको छ ।

पछिल्लो समय दर्शकको रुचि, प्रविधिको विकास र चलचित्र बजारमा आएको परिवर्तनसँगै गुरुङ चलचित्र क्षेत्र विस्तारै व्यावसायिक यात्रातर्फ अघि बढेको छ । यस्तै, कथा, प्रविधि, छायाङ्कन, सम्पादन र कलाकारको पारिश्रमिकमा परिवर्तन देखिन थालेको छ ।

विगतमा समुदायको सेवाभावले चलचित्र निर्माण हुनेगरे पनि राम्रो कथा, दक्ष कलाकार, आधुनिक प्रविधि र गुणस्तरीय निर्माणमा लगानी गर्ने प्रवृत्ति बढ्दै गएको छ ।

सो परिवर्तनका साक्षीमध्ये एक हुनुहुन्छ दक्षिण एसियाकै नमुना गाउँका रूपमा परिचित लमजुङको क्व्होलासोथर गाउँपालिका–३ घलेगाउँका गमन घले । विसं २०५७ मा मान्छेको मन चलचित्रबाट अभिनय यात्रा सुरु गरेका उनले हालसम्म ३५ भन्दाबढी गुरुङ चलचित्रमा अभिनय गरिसकेका छन् ।

उनका अनुसार सुरुका दिनमा गुरुङ चलचित्रमा आर्थिक लाभभन्दा भाषा, कला र संस्कृतिप्रतिको लगाव नै ठूलो थियो । पहिलो चलचित्रमा अभिनय गर्दा उनले एक हजार ६ सय रुपैयाँ पारिश्रमिक पाएका थिए । अहिले एउटै चलचित्रमा अभिनय गरेबापत तीन लाख रुपैयाँ सम्म पारिश्रमिक पाउने अवस्था बनेको उनले जानकारी दिए ।

गुरुङ चलचित्र क्षेत्रमा विस्तारै व्यावसायिक सोचको विकास भइरहेको उनको बुझाइ छ । केही वर्षयता विदेशमा बस्दै आउनुभएका घलेले विदेशमै रहेर पनि गत वर्ष एउटा म्युजिक भिडियोमा अभिनय गर्नुभएको थियो । समय र अवसर मिले पुनःअभियनयमा सक्रिय हुने योजना उनले सुनाउनुभयो । उनका अनुसार गुरुङ चलचित्र केवल मनोरञ्जनको माध्यम मात्र नभई भाषा, संस्कार र संस्कृतिको संरक्षण गर्ने सशक्त माध्यम पनि बनेको छ ।

चलचित्र क्षेत्रमा आएको परिवर्तन कलाकारको पारिश्रमिक, काम गर्ने शैली र चलचित्रप्रतिको दृष्टिकोणमा पनि देखिन थालेको छ । विगतमा भाषा, कला र संस्कृतिप्रतिको लगावका कारण कम वा बिनापारिश्रमिक काम गर्ने अवस्था थियो ।

अहिले कलाकारहरूले आफ्नो श्रमको उचित मूल्य खोज्न थालेका छन् । मस्याङ्दी गाउँपालिका– ६ बाहुनडाँडाका विष्णु गुरुङ पनि गुरुङ चलचित्र क्षेत्रमा लामो समयदेखि सक्रिय हुनुहुन्छ । विसं २०६५ मा ‘मिग्ली’ चलचित्रबाट अभिनय यात्रा सुरु गरेका उनले ‘कर्मको बाटो’, ‘नबिर्सने माया कर्म’, ‘मनको मान्छे’ लगायतका चलचित्रमा अभिनय गरिसक्नुभएको छ । हाल प्रदर्शन भइरहेको गुरुङ चलचित्र ‘मुख्या’मा अभिनय गर्नुभएका उनले अहिले सामान्यतया एक लाख ५० हजार रुपैयाँ भन्दा बढी पारिश्रमिक लिने गरेको सुनाए ।

आगामी असोजदेखि ‘मुख्या–२’ को छायाङ्कन सुरु हुने तयारीमा रहेको र त्यसमा थप पारिश्रमिक पाउने अपेक्षा रहेको उनको भनाइ छ ।

दोर्दी गाउँपालिका–५ पाचोकस्थित छैलुङकी खुसी गुरुङ पनि गुरुङ चलचित्र क्षेत्रकी परिचित कलाकार हुन् । पहिलो चलचित्र ‘मैँ’बाट अभिनय यात्रा सुरु गरेकी उनले हालसम्म नौ वटा गुरुङ चलचित्रमा अभिनय गरिसकेकी छन् । उनको पछिल्लो चलचित्र ‘ढोगभेट’ अहिले विभिन्न स्थानमा प्रदर्शन भइरहेको छ ।

गायन, अभिनय र लेखन क्षेत्रमा सक्रिय खुसी चलचित्र भाषा, संस्कार र संस्कृतिको संरक्षण गर्ने प्रभावकारी माध्यम भएको बताउँछिन् । ‘हामीले चलचित्र नबनाउने हो भने नयाँ पुस्ताले आफ्नै भाषा, संस्कार र संस्कृतिलाई नचिन्ने अवस्था आउन सक्छ,’ उनले भनिन्, ‘त्यसैले संस्कृति जोगाउने उद्देश्यका साथ चलचित्रमा काम गरिरहेको छु ।’

बैँसीसहर नगरपालिका–४ का मनोज गुरुङ नयाँ पुस्ताका गुरुङ चलचित्रका अर्का लोकप्रिय कलाकार हुन् । विसं २०७६ मा ‘आमाको मन’ चलचित्रबाट अभिनय यात्रा सुरु गर्नुभएका उनले अहिले कथावस्तु, निर्माण पक्ष र भूमिकाका आधारमा पारिश्रमिक लिने गरेको सुनाए ।

मस्र्याङ्दी गाउँपालिका–५ घेर्मुकी धनकुमारी गुरुङ यस क्षेत्रको नवोदित कलाकार हुन् । तीन वर्षअघि ब्लगिङमा सक्रिय रहँदा बेलायतमा रहेका एक नेपालीको प्रस्तावपछि उनले चलचित्र क्षेत्रमा पाइला चालेका हुन् ।

‘हेर्दा सजिलो लाग्थ्यो, आफैँले गर्दा निकै मेहनत गर्नुपर्ने रहेछ,’ उनले भनिन् । उनका अनुसार संस्कृति जोगाउने नाममा कलाकारले सधैँ निःशुल्क काम गर्नुपर्ने सोच परिवर्तन हुन आवश्यक छ ।

‘राम्रो कथा, पर्याप्त लगानी, दक्ष कलाकार र आधुनिक प्रविधिमा आधारित चलचित्र निर्माण गर्नसके गुरुङ चलचित्रले अझ फराकिलो दर्शक पाउन सक्छ,’ उनले थपिन् ।

दोर्दी गाउँपालिका–८ का निर्देशक तथा निर्माता खुशबहादुर गुरुङले चलचित्र क्षेत्र विस्तारै व्यावसायिक यात्रातर्फ अघि बढिरहेको बताउँछन् ।

उनका अनुसार विगतमा गुरुङ चलचित्र मुख्यतःभाषा, संस्कार र संस्कृति संरक्षण गर्ने उद्देश्यले निर्माण हुने गरेका थिए । अहिले पनि त्यो उद्देश्य कायमै रहे पनि चलचित्रलाई गुणस्तरीय, प्रतिस्पर्धी र व्यावसायिक बनाउनुपर्ने आवश्यकता बढेको छ ।

कोरोना महामारी अघि गण्डकी प्रदेशमा बर्सेनि करिब १० देखि १२ वटा गुरुङ चलचित्र निर्माण हुने गरेका थिए । त्यसपछि निर्माण प्रभावित भएको र विस्तारै सुधार हुँदै गए पनि अहिले वर्षमा करिब पाँचदेखि सात वटा चलचित्र मात्र निर्माण हुने गरेको छ ।

पछिल्लो पुस्तामा गुरुङ भाषाको प्रयोग घट्दै जानु पनि चलचित्र क्षेत्रको चुनौती हो । भाषा र संस्कृतिको पुस्तान्तरणमा असर परेको उनको बुझाइ छ ।

उनका अनुसार गुरुङ चलचित्र क्षेत्रको अर्को ठूलो चुनौती बजारको सीमितता हो । विभिन्न जिल्लामा पनि भाषा र लवज फरक छ । आफ्नै समुदायको चलचित्र भए पनि भाषा नबुझ्दा कतिपय दर्शक टाढिने अवस्था रहेको उनले बताए । गुरुङ चलचित्र प्रवर्द्धनका लागि गुरुङ फिल्म एसोसिएसन नेपाल (जिफान) ले गुरुङ भाषा वा करिब ९० प्रतिशत गुरुङ भाषामा निर्माण भएका चलचित्रलाई प्रोत्साहनको व्यवस्था गरेको छ ।

# सार्वजनिक जग्गा संरक्षणमा सक्रिय पोखरा महानगर

**गण्डकी ।**
पोखरा महानगरपालिकाले पोखरा सभागृहमा गरेको सार्वजनिक सुनुवाइमा पोखरा बसपार्क, फिर्के खोलालगायत क्षेत्रका सार्वजनिक जग्गालाई अतिक्रमणमुक्त बनाउन महानगरले खेलेको भूमिकाले चर्चा पायो । प्रश्नकर्ताले महानगरसँग सम्बन्धित कतिपय विषयमा गुनासा राखे पनि सार्वजनिक जग्गा संरक्षणमा महानगरको नेतृत्वले लिएको पहलकदमीको भने प्रशंसा गरे ।

महानगरपालिकाले हालैमात्र पोखरा बसपार्क, अमरसिँहचोक र फिर्के खोलाको अतिक्रमित जग्गा खाली गराएको थियो । सबैको सहयोग र समर्थनमा महानगरले अतिक्रमित संरचना डोजर लगाएर हटाएको थियो ।

कार्यक्रममा पोखराका अन्य क्षेत्रमा सार्वजनिक जग्गा मिचेर बनाइएका संरचनाबारे उठेका प्रश्नको जवाफ दिँदै महानगर प्रमुख धनराज आचार्यले किन्तु परन्तु भनेर सार्वजनिक जग्गा संरक्षणको अभियानबाट महानगर पछाडि नहट्ने बताए ।

‘केही समय भित्रै महानगरले पोखरामा रहेको सार्वजनिक जग्गाको लगत विवरण सार्वजनिक गर्छ, वनक्षेत्रसमेत गरी झण्डै ८१ हजार रोपनी सार्वजनिक जग्गा रहेको प्रारम्भिक अनुमान छ,’ उनले भने, ‘सार्वजनिक जग्गा यकीन गर्दा यदि कसैले जग्गा अतिक्रमण गरेको पाइएमा जग्गा खाली गर्न सूचित गर्छौं, सम्बन्धितले खाली नगरेमा प्रक्रियाअनुसार महानगर आफैँले अतिक्रमण हटाउँछ, यसमा कुनै सम्झौता हुँदैन ।’

कुनैबेला पाटन र चौरका नामले चिनिने पोखरामा अहिले खुला ठाउँ देख्न पनि मुस्किल हुन थालिसकेको उनको भनाइ थियो । प्रमुख आचार्यले महानगरका ३३ वटै वडामा खेलमैदान र उद्यान निर्माणको योजना अगाडि सारिएको सुनाए । उनले फिर्के खोलाको खोलाघरभित्र निर्माण गरिएका १ सय ६० वटा संरचना हटाइसकिएको र अझै केही संरचना हट्न बाँकी रहेको बताए । अँधेरी कुनादेखि गाईघाटसम्मको आठ किलोमिटरमा समेटिएको फिर्के खोलाको किनारमा पैदलमार्ग र साइकलमार्गसहितको आकर्षक करिडोर बनाउने महानगरको योजना छ । प्रमुख आचार्यले पोखरा बसपार्कमा बसोबास गर्दै आएका सुकुमवासीको उचित व्यवस्थापनपछि बसपार्क निर्माणको काम सुरु हुने जानकारी दिए ।

कार्यक्रमका सहभागीहरुले बसपार्कका लागि अधिग्रहण गरिएको १ सय ८७ रोपनी जग्गाकै बसपार्क बनाउनुपर्ने सुझाव दिएका थिए । प्रमुख आचार्यले बसपार्क क्षेत्रमा कतिपयको व्यक्तिगत जग्गा भएकाले तिनलाई मुआब्जा दिएर अन्यत्र व्यवस्थापन गर्न सकिएमा सबै क्षेत्रमा बसपार्क बन्ने बताए ।

‘व्यक्तिको लालपुर्जा भएको जग्गालाई मुआब्जा दिन नसकिने अवस्थामा अहिले रहेकै ठाउँमा व्यवस्थापन गर्नुपर्छ,’ उनले भने, ‘बसपार्कको विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेको छ, अतिक्रमित जग्गा सबै खाली गरेर बसपार्क बनाउँछौँ ।’

पोखरा–१ स्थित टुँडीखेलको जग्गा पनि यकीन गर्ने काम छिट्टै सुरु गरिने उनले बताए । सडक, राजकुलो, चौरलगायत जुनसुकै सार्वजनिक जग्गा अतिक्रमण गर्नु कानुनविपरीत हुने उनको भनाइ छ । यदि कसैले त्यस्तो जग्गामा मिचेर निजी संरचना, व्यवसाय सञ्चालन गरेको भए पनि आफैँ जग्गा खाली गर्न प्रमुख आचार्यले आग्रह गरे ।

प्रश्नकर्ताले महानगरको सेवा प्रवाह, विकास निर्माणका गतिविधि आदिका विषयमा प्रश्न उठाएका थिए । भूपेन्द्र गिरीले राम्रो काम गर्ने जनप्रतिनिधि र कर्मचारीलाई पुरस्कृत र गलत गर्नेलाई दण्डित गर्नुपर्ने बताए ।

# नागरिकलाई नक्कली शरणार्थी बनाउनेहरुलाई सक्कली जेल







**मधेशदृष्टि**
**वीरगंज।**
मुलुककै चर्चित नक्कली भुटानी शरणार्थी प्रकरणमा नेता तथा संलग्नहरुलाई सजाय फैसला भएको छ।

जिल्ला अदालत काठमाडौँले मंगलबार गरेको फैसलामा पूर्वमन्त्री टोपबहादुर रायमाझीलाई ४ वर्ष कैद र ४० हजार जरिबाना तोकिएको छ। न्यायाधीश तेजबहादुर खड्काको इजलासले तोकेको सजाय अनुसार पूर्व सचिव टेकनारायण पाण्डेलाई ४ वर्ष कैद र ४० हजार रुपैयाँ जरिवाना गरिएको छ।

यस्तै, पूर्वगृहमन्त्री बालकृष्ण खाणलाई दुई वर्ष कैद सजाय भएको छ । उनलाई २० हजार जरिवाना पनि तोकिएको छ।

यस्तै, केशवप्रसाद दुलाल, सानु भण्डारी, सागर राई, सन्देश शर्मा, डा. इन्द्रजीत राई, विक्रम भन्ने गोविन्दकुमार चौधरी, आङटावा शेर्पा, टेकनाथ रिजाल, नरेन्द्र केसी, शमशेर मिँया, हरिभक्त महर्जन, निरन्जनकुमार खरेल र बेचन झा पनि दोषी ठहर भइ सजाय तोकिएका छन्।

यो मुद्दामा रामशरण केसी, टंककुमार गुरुङ, सन्दीप रायमाझी, प्रतीक थापा, लक्ष्मी महर्जन, केशव तुलाधर र आशिष बुढाथोकीले सफाइ पाएका छन्।

# जानकी मन्दिरको विवाह मण्डप र संग्रहालयमा तालाबन्दी

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधामस्थित जानकी मन्दिर परिसरमा रहेको विवाह मण्डप र माता सीताको जीवनचरित्र झल्काउने विद्युतीय संग्रहालयमा पहिलोपटक तालाबन्दी गरिएको छ । टिकट शुल्कलाई लिएर मन्दिर व्यवस्थापन र मधेश प्रदेश सरकारबीच विवाद चर्किएपछि दुवै संरचना बन्द गरिएका हुन्।

विवाह मण्डप र संग्रहालय अवलोकनका लागि शुल्क लिइँदै आएको अवस्थामा मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले टिकट प्रणाली तत्काल हटाउन निर्देशन दिँदै टिकट नियन्त्रणमा लिएपछि मन्दिर व्यवस्थापनले विरोधस्वरूप तालाबन्दी गरेको जनाएको छ।

तालाबन्दीका कारण स्वदेश तथा विदेशबाट आएका श्रद्धालु र पर्यटकहरू अवलोकनबाट वञ्चित भएका छन् । मन्दिर व्यवस्थापनका अनुसार हरेक वर्ष ठेक्का प्रक्रियामार्फत संग्रहालय प्रवेशका लागि १५ रुपैयाँ र विवाह मण्डपका लागि १० रुपैयाँ शुल्क संकलन गर्दै त्यसबाट मन्दिरको पूजा तथा व्यवस्थापन खर्च धानिँदै आएको छ।

जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले मन्त्री महतोले कुनै पूर्वसमन्वयबिना टिकट नियन्त्रणमा लिएको आरोप लगाए । उनका अनुसार मन्दिर सञ्चालनका लागि संघ, प्रदेश वा स्थानीय सरकारबाट आर्थिक सहयोग नआएकाले शुल्कबाट प्राप्त रकम व्यवस्थापनमा प्रयोग हुँदै आएको छ । खर्चबारे जिज्ञासा भए




औपचारिक रूपमा जानकारी लिन सकिने भए पनि प्रत्यक्ष हस्तक्षेप उचित नभएको उनको भनाइ छ।

यता मन्त्री महतोले सार्वजनिक धार्मिक सम्पदामा प्रवेश शुल्क असुल्नु उचित नभएको बताए । पटक–पटक निःशुल्क व्यवस्था गर्न आग्रह गर्दा पनि कार्यान्वयन नभएकाले टिकट नियन्त्रणमा लिनुपरेको उनको दाबी छ।

मन्त्री महतोले मन्दिर व्यवस्थापनले ठेक्का प्रक्रिया कुन आधारमा सञ्चालन गरेको र प्राप्त आम्दानीको विवरण सार्वजनिक नगरेकाले त्यसबारे पारदर्शिता आवश्यक रहेको पनि बताएका छन्।

विवादपछि विवाह मण्डप र संग्रहालय बन्द हुँदा जानकी मन्दिर परिसरको नियमित अवलोकन प्रभावित बनेको छ।

# पहिरो पन्छाएर नारायणगढ–मुग्लिन सडक दुईतर्फी सञ्चालनमा



**चितवन।**
नारायणगढ–मुग्लिन सडकको १५ ठाउँमा खसेको पहिरो हटाएपछि यातायात सञ्चालन भएका छन्।

सोमबार दिउँसोबाट सुरु भएको वर्षात्का कारण साँझ ७ बजेबाट खस्न थालेको पहिरो बिहानसम्म जारी थियो । ती सबै स्थानमा खसेको पहिरो बिहान हटाइएपछि दुईतर्फी सवारी सञ्चालनमा आएको डिभिजन सडक कार्यालय भरतपुरका इन्जिनियर अर्जुन घिमिरे जानकारी दिए। सडकमा खसेको पहिरो पन्छाउन राति नै दुईवटा लोडरसहितका उपकरण प्रयोग गरिएको थियो।

इन्जिनियर अर्जुन घिमिरेका अनुसार सो सडकखण्डको भतेरी, खोरखोला, १५ किलो, ११ किलो, १६ किलो, १९ किलो, सेतीदोभानका दुई ठाउँ, घुमाउने, सिमलतालका दुई ठाउँ, २५ किलो, जलविरे, नाम्सी खोला र तुइन खोलामा पहिरोबाट सडक अवरुद्ध भएको थियो। त्यसमध्ये सेतीदोभान पूर्ण रूपमा सडक दुईतर्फी तथा अन्य ठाउँमा एकतर्फी अवरुद्ध थियो।

राति १ बजेसम्ममा गाडी सञ्चालन गर्न सक्नेगरी पहिरो हटाइए पनि केही ठाउँमा पहिरो खसेको र खस्ने जोखिम भएकाले बिहानसम्म पर्खनुपरेको थियो । सडकखण्डमा जुनसुकै बेला पहिरो खस्न सक्ने भएकाले रातिको समयमा सकेसम्म यात्रा नगर्न स्थानीय प्रशासनले आग्रह गरेको छ।

- **आठ राजमार्ग अवरुद्ध**

मुलुकको विभिन्न स्थानमा अविरल वर्षासँगै बाढीपहिराका कारण आठवटा राजमार्ग अवरुद्ध भएका छन् । बाढीपहिरोले पूर्णरुपमा अवरूद्ध भएको हुलाकी राजमार्ग भने सञ्चालनमा आएको छ।

प्रहरी प्रधान कार्यालय नक्सालका अनुसार आज पर्साको ठोरी गाउँपालिका–२ हुलाकी राजमार्ग सडकखण्डमा पर्ने ढेडुखोला र अन्य खहरे खोलामा अविरल वर्षाको कारण आएको बाढीले सडक अवरुद्ध भएकोमा आज दिउँसोदेखि पूर्ण रुपमा सञ्चालनमा आएको छ।

प्रहरी प्रधान कार्यालयले मंगलबार जारी गरेको विज्ञप्तिअनुसार काभ्रेपलाञ्चोक÷सिन्धुली खुर्कोट–नेपालथोक–कटुन्जेबेँसी चल्ने सम्पूर्ण सवारीसाधनहरू (बिपी राजमार्ग) सञ्चालनमा पूर्णरूपमा रोक लगाइएको छ । सोमबार बिहान ललितपुरको बाग्मती गाउँपालिका–३ भट्टेडाँडास्थित पाङदुर, टाकुर्चे र भालु खोलासहित तीन ठाउँमा अविरल वर्षातको कारण कान्तिलोकपथ सडकखण्डमा पहिरो गई बाटो पूर्णरूपमा अवरुद्ध भएको विज्ञप्तिमा उल्लेख छ।

विज्ञप्तिअनुसार मेची राजमार्ग पूर्णरूपमा अवरुद्ध भएको छ । यही असार २३ गते इलामको इलाम नगरपाालिका–९ राजदुवालीस्थित मेची राजमार्गमा वर्षाका कारण बाटो हिलो भई सवारीसाधन आवतजावत गर्न नसक्ने भएकाले सडकखण्ड पूर्णरूपमा अवरुद्ध भएको, (स्थानमा वैकल्पिक बाटो रहेको) छ ।

'ताङतिङ सडकखण्ड पूर्णरूपमा अवरुद्ध भएको छ । यही असार २७ गते कास्कीको मादी गाउँपालिका–२ ज्याम्दोस्थित पोखरा ताङतिङ भित्री सडकखण्डमा बाटो मुनि लगाइएको तार जालिको ग्याबिन पर्खाल भत्किएर बाटो पूर्णरूपमा अवरुद्ध भएको हो,' विज्ञप्तिमा भनिएको छ, 'सालझन्डि ढोरपाटन सडकखण्ड पूर्णरूपमा अवरुद्ध भएको छ । आइतबार अर्घाखाँचीको पाणिनी–२ ढुङ्गेखोलास्थित सालझन्डि ढोरपाटन सडकखण्डमा बाटोको माथिबाट ढुङ्गा खसी बाटो पूर्णरूपमा अवरुद्ध भएको हो।'

यसैगरी कालीगण्डकी करिडोर अवरुद्ध भएको छ । सोमबार गुल्मीको कालीगण्डकी–४ पुर्तिघाटस्थित कालीगण्डकी करिडोर सडकखण्डमा पातुखोलाको बहाव बढी भएपछि बाटो अवरुद्ध भएको विज्ञप्तिमा उल्लेख छ । विज्ञप्तिअनुसार मध्यपहाडी लोकमार्ग पूर्णरूपमा अवरुद्ध भएको छ । सोमबार कास्कीको मादी–४ भैसेस्थित मध्यपहाडी लोकमार्गअन्तर्गत भैँसेबाट इदि जाने (भित्री सडक) मा ओखेभिरबाट झरेको लेदो, पहिरो र मादी खोलाको पानीसमेत सडकमा आइ बाटो पूर्णरूपमा अवरुद्ध भएको हो।

प्रहरीका अनुसार रिडी वामी सडक पूर्णरुपमा अवरुद्ध भएको छ । मंगलबार बिहान गुल्मीको मुसिकोट–५ तल्लो फाँटस्थित रिडी वामी सडकखण्डको ठाँडो गिरु खोलाको बहाव बढी बाटो कटान गरी लगेको हुँदा बाटो अवरुद्ध भएको हो।

- **४४ जिल्लामा आकस्मिक बाढीको जोखिम**

मंगलबार मुलुकका ४४ जिल्लामा आकस्मिक बाढीको मध्मदेखि उच्च जोखिम रहेको छ।

जल तथा मौसम विज्ञान विभागले पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, सप्तरी, भोजपुर, संखुवासभा, उदयपुर, सिन्धुली, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, काठमाडाँै, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, मकवानपुर, पर्सा, बारा, रौतहट, सर्लाही र आसपास गरी ३९ जिल्लामा बग्ने साना नदीको प्रवाह बढ्ने र आकस्मिक बाढीको जोखिम रहेको जनाएको छ।

गोरखा, लमजुङ, नवलपरासी पूर्व, नवलपरासी पश्चिम, पाल्पा, पर्वत, म्याग्दी, प्युठान, रोल्पा, दाङ, सल्यान, बाँके, बर्दिया, कैलाली र आसपासका जिल्ला भई बग्ने साना नदीको गति बढ्ने र आकस्मिक बाढीको मध्यम जोखिम रहेको छ।

चितवन, तनहुँ, कास्की, स्याङजा, सुर्खेत र आसपासका जिल्ला भइ बग्ने साना नदीमा आकस्मिक बाढीको सम्भावना रहेको बताइन्छ । बाढीविद् विनोद पराजुलीले बुधबार र बिहीबार सात प्रदेशका साना नदी प्रवाह बढ्न सक्ने भन्दै आवश्यक सतर्कता अपनाउन अनुरोध गरेका छन्।

# गोली प्रहार गरी डकैतीमा संलग्न रहेको आरोपमा तीन पक्राउ

**मधेशदृष्टि**
**महोत्तरी।**
सोनमा गाउँपालिका–३ खखनामा पतिपत्नीमाथि गोली प्रहार गरी डकैती गरेको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सम्सी गाउँपालिका–६ का २१ वर्षीय अपरोज शेष, २४ वर्षीय शेष बारिक र गौशाला नगरपालिका–५ का क्रिशकुमार मेस्तर रहेका छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार पक्राउ परेकाहरू सहितको समूहले गत जेठ २० गते स्थानीय रामविश्वास यादवको घरमा डकैती गर्ने क्रममा सुतिरहेका उनकी छोरी किरण यादवको खुट्टामा दुई र ज्वाइँ ईश्वरनारायण यादवको दाहिने हातमा एक गोली प्रहार गरेको थियो।

गोली लागेर घाइते भएका दुवै जनाको स्वास्थ्य अवस्था अहिले सामान्य रहेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालयले शुक्रबार पत्रकार सम्मेलनमार्फत पक्राउ परेका तीनै जनालाई सार्वजनिक गरेको हो । घटनामा संलग्न अन्य फरार व्यक्तिहरूको खोजी तथा अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

# झन्डै ४६ लाखको काजु र चिनीसहित ट्रक नियन्त्रणमा



**मधेशदृष्टि**
**जनकपुरधाम।**
सशस्त्र प्रहरी बल धनुषाले अवैध रूपमा भित्र्याइएको लाखौं रुपैयाँ बराबरको काजु र चिनीसहित एउटा ट्रक नियन्त्रणमा लिएको छ। मंगलबार गस्ती टोलीले बा.प्र.०६–००१ख–०३६४ नम्बरको ट्रकबाट ३६ बोरामा रहेको १ हजार ८० किलो काजु र ४२० बोरा नेपाली चिनी बरामद गरेको हो । भन्सार कार्यालय जनकपुरधामका प्रमुख मानबहादुर पौडेलका अनुसार बरामद गरिएको काजुको मूल्य १० लाख ८० हजार रुपैयाँ रहेको छ । बरामद गरिएको नेपाली चिनीको विषयमा समेत अनुसन्धान प्रक्रिया अघि बढाइएको छ।

बरामद गरिएको सामान र ट्रकसहित कुल ४५ लाख ८० हजार रुपैयाँ बराबरको मूल्यांकन गरिएको छ। ट्रक चालकलाई समेत नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको भन्सार कार्यालयले जनाएको छ।

# निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन रोक्ने निर्णय सर्वोच्चद्वारा बदर

**मधेशदृष्टि**
**काठमाडौँ।**
सर्वोच्च अदालतले निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन नदिने सरकारको निर्णय बदर गरेको छ।

मंगलबार न्यायाधीशद्वय शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले उक्त निर्णय खारेज गर्दै निजी सञ्चारमाध्यमको पक्षमा फैसला सुनाएको हो । सरकारले २०८२ चैत १८ गते सचिवस्तरीय निर्णयमार्फत संघ, प्रदेश र स्थानीय तहका सार्वजनिक सूचना तथा विज्ञापनहरू गोरखापत्र संस्थान, रेडियो नेपाल र नेपाल टेलिभिजनलगायत सरकारी स्वामित्वका सञ्चारमाध्यममा मात्र प्रकाशन तथा प्रसारण गर्ने व्यवस्था गरेको थियो । त्यसपछि निजी रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाइन सञ्चारमाध्यम सरकारी विज्ञापनबाट वञ्चित भएका थिए।

सरकारको उक्त निर्णयविरुद्ध नेपाल मिडिया सोसाइटीका तर्फबाट अधिवक्ता अनन्तराज लुईंटेलले २०८२ चैत २४ गते सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। रिटमाथि असार २२ र २३ गते दुवै पक्षबीच बहस भएको थियो।

सर्वोच्च अदालतको पछिल्लो फैसलासँगै निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन वितरणमा लगाइएको रोक हटेको छ।

# कार्यदलले बुझायो १० बुँदे प्रतिवेदन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशमा बजेटसम्बन्धी विवाद समाधानका लागि गठन गरिएको संसदीय कार्यदलले प्रदेश सभामा १० बुँदे प्रतिवेदन पेस गरेको छ।

मंगलबार बसेको प्रदेश सभा बैठकमा कार्यदलका तर्फबाट जसपा नेपालका सांसद उपेन्द्र महतोले प्रतिवेदन प्रस्तुत गरेका हुन् । प्रतिवेदनमा बजेट कार्यान्वयन र व्यवस्थापनलाई प्रभावकारी बनाउन विभिन्न सुधारात्मक सुझाव समेटिएका छन्।

प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८३/८४ को बजेटमा समावेश पूर्वाधार विकास तथा निर्माण योजनाहरू सम्बन्धित मन्त्रालयअन्तर्गत जिल्लामा रहेका कार्यालयमार्फत कार्यान्वयन गर्नुपर्ने उल्लेख गरिएको छ। बहुवर्षीय योजनाको स्रोत सुनिश्चित गरी अर्थ तथा प्राविधिक विज्ञहरूको प्रतिवेदनका आधारमा नियमन र कार्यान्वयन गर्न पनि सुझाव दिइएको छ।

स्थानीय तहलाई प्रदान गरिने विशेष अनुदानअन्तर्गत पोषणयुक्त आहार वितरणजस्ता कार्यक्रम स्थगन गरी आवश्यकता र मागका आधारमा अन्य शीर्षकमा बजेट विनियोजन गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ।

यस्तै, चालु आर्थिक वर्षमा सम्पन्न भइसकेका तर भुक्तानी हुन बाँकी योजनाको रकम आगामी बजेटबाट उपलब्ध गराउने, स्थानीय तहले प्रदेश सरकारलाई बुझाउनुपर्ने राजस्व बढीमा पाँच किस्तामा बुझाउन सक्ने व्यवस्था गर्ने तथा कमला पुल निर्माण योजनामा थप बजेट विनियोजन गरी कार्यान्वयनलाई तीव्रता दिने सुझाव पनि समेटिएको छ।

प्रमुख प्रतिपक्षी दल जसपा नेपाल र जनमत पार्टीले बजेट पुनर्लेखन वा कार्यदल गठनको माग गर्दै प्रदेश सभा अवरुद्ध गरेपछि गत असार २८ गते सातवटै दलका एक–एक जना सांसद सहभागी हुने गरी कार्यदल गठन गरिएको थियो।

कार्यदलले सर्वसम्मत रूपमा तयार पारेको प्रतिवेदन दुई दिनभित्र प्रदेश सभामा पेस गरेको जनाएको छ।

# धान रोपाइँ सुस्त, अपेक्षाकृत वर्षा नहुँदा किसान चिन्तित



**मधेशदृष्टि**
**महोत्तरी।**
असार महिना सकिन लाग्दासमेत अपेक्षाअनुसार मनसुन सक्रिय हुन नसक्दा महोत्तरीमा धान रोपाइँ सुस्त गतिमा भइरहेको छ।

कृषि ज्ञान केन्द्र महोत्तरीका अनुसार जिल्लाको अनुमानित ४० हजार हेक्टर धान खेतीयोग्य जमिनमध्ये हालसम्म १० हजार १ सय ५८ हेक्टर अर्थात् २५.३९ प्रतिशत क्षेत्रमा मात्र धान रोपाइँ सम्पन्न भएको छ। बाँकी २९ हजार ८ सय ४२ हेक्टर अर्थात् ७४.६१ प्रतिशत क्षेत्रमा अझै रोपाइँ हुन बाँकी छ।

स्थानीय तहअनुसार बलवा र औरही नगरपालिकामा सबैभन्दा बढी ५० प्रतिशत क्षेत्रमा धान रोपिएको छ । महोत्तरी गाउँपालिकामा ४५ प्रतिशत, सम्सी गाउँपालिका र गौशाला नगरपालिकामा ३५–३५ प्रतिशत, लोहारपट्टी नगरपालिका र सोनमा गाउँपालिकामा २५–२५ प्रतिशत तथा बर्दिवास नगरपालिकामा २२ प्रतिशत क्षेत्रमा रोपाइँ सम्पन्न भएको छ।

यस्तै, रामगोपालपुर र भंगहा नगरपालिकामा २०–२० प्रतिशत, पिपरा गाउँपालिकामा १२ प्रतिशत, जलेश्वर नगरपालिका र एकडारा गाउँपालिकामा १०–१० प्रतिशत, मटिहानी नगरपालिकामा ८ प्रतिशत तथा मनरा शिसवा नगरपालिकामा ५ प्रतिशत क्षेत्रमा मात्र धान रोपिएको कृषि ज्ञान केन्द्र महोत्तरीले जनाएको छ।

कृषि ज्ञान केन्द्रका अनुसार मनसुन ढिलो सक्रिय हुनु र सिँचाइ सुविधाको अभावका कारण रोपाइँ प्रभावित भएको हो।

कृषि विज्ञहरूका अनुसार असारभित्र धान रोपाइँ सम्पन्न हुन नसके उत्पादनमा प्रत्यक्ष असर पर्ने सम्भावना रहन्छ । पछिल्ला केही वर्षदेखि ढिलो रोपाइँ हुने क्रम बढ्दै जाँदा धान उत्पादनमा समेत निरन्तर गिरावट देखिन थालेको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन